# नयाँ सन्दर्भ साप्ताहिक

**Naya Sandarbha Weekly**

वर्ष : २५ अंक : २६ पृष्ठ ६ भद्रपुर वि.सं. २०७७ माघ २५ *(February 7, 2021)* नेपाल सम्वत ११४१ मुल्य : रु.१०।-



**सबैको रोजाई**

मेची अञ्चल मै एक मात्र
सबै रोगहरुको भरपर्दो उपचारका लागि
अत्याधुनिक उपकरण जडित
विश्वसनीय चिकित्सकहरु भएको
चिकित्सा प्रतिष्ठान
अध्यक्ष : गोपालकुमार बस्नेत

**विर्तासिटी हस्पिटल**
विर्तामोड, झापा


### दाताबाट आएको करोडौंको अनुदानबाट बनेको

# भद्रपुरको शीत भण्डार सञ्चालनमा आएन

**–सन्दर्भ समाचारदाता**

भद्रपुर । भद्रपुर नगरको विकासमा प्रतिबद्ध नेतृत्व नपाउँदा भौतिक उन्नति दर्साउने संरचना अलपत्र पर्दै गइरहेका छन् । विगतमा कर्मचारीतन्त्रले गर्न नसकेका काम जनप्रतिनिधिले गर्छन् भन्ने नगरवासीको भावनामाथि अलपत्र भौतिक संरचनाले गिज्याइ रहेको देखिन्छ । भद्रपुरको उन्नतिमा एक इटा बन्न सक्ने कोल्ड स्टोरेज (शीतभण्डार) निर्माण भएको दशक बितिसक्दा पनि सञ्चालनमा आउन सकेको छैन ।

नेपालस्थित भारतीय दूतावासमार्फत झापाको पहिलो नगर भद्रपुरमा कोल्ड स्टोरेज बनाउनका लागि २०६७ सालमा बजेट निकासा गरी १५ महिनामा सम्पन्न गर्ने गरी काम सुरू भएको थियो । भारतीय दूतावासले अनुदान स्वरूप वजेट निकासा गरेपछि नगरपालिकाले टेण्डर आव्हान गर्दै ठेक्का प्रक्रियामार्फत कोल्ड स्टोरेज निर्माण कार्य सुरु गरेको हो । त्यतिबेला कर्मचारीको हातमा रहेको स्थानीय सरकार अहिले जनप्रतिनिधिको हातमा आएर ४ वर्षे नेतृत्व अवधिमा पनि अलपत्र संरचातर्फ नगरपालिकाका जनप्रतिनिधिले चासो देखाएको अवस्था छैन ।

जनप्रतिनिधिले जिम्मेवारी सम्हालेको चार वर्ष हुन लागेको छ । कुल ४ करोड ७८ लाख ७३ हजार २५८ रुपैयाँ ९० पैसाको लागत इस्टिमेटमा निर्माण भइ



रहेको शीतभण्डारको निर्माण ठेक्का सुनौला खिम्ती कन्स्ट्रक्सन कम्पनीले ४ करोड १३ लाख ३७ हजार ३७४ रुपैयाँ ९६ पैसा (भ्याटसहित) मा १५ महिनामा काम सम्पन्न गरिसक्ने गरी नगरपालिकासँग सम्झौता गरेको थियो सम्झौताबमोजिम २०६७ पुस १५ गते काम सुरु गरेको १५ महिनामा अर्थात् २०६८ चैत्र १६ गतेसम्ममा काम समाप्त गर्नु पर्ने थियो । अहिलेसम्म काम सकिएको देखिदैन । यस विषयमा नगर प्रशासनले कुनै चासो राखेको अवस्था पनि छैन । दाताबाट आएको करोडौं अनुदान बेवारिसे भएको नगरबासीको भनाइ छ ।

भद्रपुर कृषक समूहका नाममा खरिद गरिएको साविक भद्रपुर-१ (हाल भद्रपुर-५) स्थित नयाँ बजारमा मेची नदीको डिलमा पर्ने उक्त जग्गामा कोल्ड स्टोरेज निर्माण सुरु गरेको १० वर्ष भइसकेको छ । ठेकेदारले बल्लतल्ल दश वर्षको अवधिमा भवन निर्माण कार्य पूरा गरी रंगरोगन गरिसकेको छ । कोल्ड स्टोरेजभित्र चाहिने आवश्यक थर्मोकुलर जडान भए पनि ग्यास हाल्नुपर्ने, ट्रान्समिटर, जेनेटर, बिजुलीको सामान जडान र अन्य केही मेसिनरी जडान लगायतका मुख्य काम अझै हुन बाँकी देखिएको छ । 'कोल्ड स्टोरेजमा केही महत्वपूर्ण काम अझै बाँकी भए पनि अहिलेसम्म ठेकेदार कम्पनीले साढे तीन करोड बढी रकम लगिसकेको देखिएको छ ।

नगरपालिका प्रशासनका अनुसार कोल्ड स्टोरेजको काम सम्पन्न हुन अब १० प्रतिशत मात्र बाँकी छ । मुख्य ठेकेदारले इटहरीका एक व्यक्तिलाई पेटी ठेक्कामा काम गर्न दिएको हुँदा मुख्य ठेकेदारले काम गरेको रकम लाने र पेटी ठेकेदारले रकम नपाएपछि यो कोल्डस्टोरेज वर्षौदेखि अलपत्रमा परेको समेत नगर प्रशासनको भनाइ छ ।

नगरपालिकाले इस्टिमेट गर्दादेखि नै कोल्ड स्टोरेजमा विवाद देखिएको थियो । प्राप्त विवरण अनुसार, भद्रपुरको विकासलाई टेवा पुर्‍याउन नेपाल-भारतमैत्री संघको पहलमा भद्रपुरमा कोल्ड स्टोरेज निर्माणका लागि भारतीय दूतावाससँग आग्रह गरिएको थियो । दूतावासले पनि कोल्ड स्टोरेज निर्माण गर्न सहयोग गर्ने भएपछि भद्रपुरका उद्योगीहरूले कोल्ड स्टोरेज आफूहरूको हातबाट नफुत्किओस् भनेर हतार-हतार नेपाल-भारतमैत्री संघमा आबद्ध भएकामध्ये पनि सीमित व्यक्तिहरूलाई समाविष्ट गरी कृषक समूह नामको प्राइभेट कम्पनी दर्ता गराएका थिए । उद्योगीलाई

बाँकी पृष्ठ ४ मा

# कांग्रेस शुभेच्छुक संस्थाको विरोध प्रदर्शन

**– सन्दर्भ समाचारदाता**

विर्तामोड । के.पी. शर्मा ओली नेतृत्वको सरकारले असंवैधानिक रुपमा गरेको प्रतिनिधि सभा विघटनविरुद्ध नेपाली कांग्रेसका शुभेच्छुक संस्थाहरूले शनिबार विरोध प्रदर्शन गरेका छन् ।

ओलीले पार्टी विवाद मिलाउन नसक्दा निर्वाचित जनप्रतिनिधिमूलक सवोच्च संस्था विगठनले लोकतान्त्रिक संविधानलाई नै जोखिममा पारेको भन्दै कांग्रेस निकट शुभेच्छुक संघसंस्थाहरुले संसद पुनर्स्थापनाको माग राख्दै विरोध प्रदर्शन गरेका हुन् ।

देशब्यापी विरोध प्रदर्शन अन्तर्गत झापामा पनि ट्रेड युनियन कांग्रेसमा आबद्ध संघसंस्था तथा शुभेच्छुक संघसंस्थाहरुले संयुक्त विरोध प्रदर्शन सम्पन्न गरेका छन् ।

इलाका प्रहरी कार्यालय विर्तामोड अगाडिबाट निकालिएको र्‍याली



मुक्तिचोक परिक्रमापछि इप्रका अगाडि पुगेर कोणसभामा परिणत भएको थियो । र्‍यालीमा सहभागीले संसद विघटनको असंवैधानिक कदम फिर्ता ले, संघीय लोकतान्त्रिक गणतन्त्र-जिन्दाबाद, नेपाली कांग्रेस जिन्दाबाद, वीर शहीद अमर रहुन, प्रतिनिधसभा पुनर्स्थापना गर, संवैधानिक सवोच्चता कायम गर लगायतका नारा लगाएका

बाँकी पृष्ठ ४ मा

# जंगलले छोपिएको अर्बुद रोग निवारण संस्था

**– सन्दर्भ समाचारदाता**

भद्रपुर । क्यान्सरका बिरामीलाई सहुलियतको सिफारिसलगायतको काम गर्दै आएका भद्रपुरस्थित नेपाल अर्बुद रोग निवारण संस्था केही वर्षदेखि बन्द अवस्थामा छ । भद्रपुर नगरपालिका-८ स्थित मेची प्रादेशिक अस्पताल परिसरभित्र १० कठ्ठामा निर्मित सो संस्थाको तीनकोठे पक्की भवन झार जङ्गलले छोपिएको छ । मूलढोकामा ठूलो ताला लागेको छ । विसं २०५० मा क्यान्सर रोग निवारणका लागि सचेतना जगाउन र बिरामीको उपचारमा सहुलियत प्रदान गर्ने उद्देश्यले भद्रपुरका समाजसेवीहरुले सो संस्थाको जिल्ला शाखा स्थापना गरेका थिए ।

दाताको सहयोगमा बनाइएको भवन बेवारिसजस्तै बनेको छ । अर्बुद रोग निवारण संस्थाको कार्यालयलाई मेची अस्पतालको सिमेन्ट थन्क्याउने गोदामका रूपमा प्रयोग गरिएको छ ।



आजीवन सदस्य र साधारण सदस्य बनाएर संस्थाको कार्यसमिति गठन गर्रिंदै आएको छ । स्थापनाकालमा थुप्रै कार्यक्रम गरेको समितिको गतिविधि अहिले ठप्प छ ।

समितिका वर्तमान अध्यक्ष रुद्र भुर्तेलले समितिको बैठक कहिलेकाहीँ बस्ने गरेको बताए । कार्यालय भवन फोहर र बस्ने कुर्सी टेबुल नभएका कारण निजी घरतिर बैठक बस्दै आएको उनले बताए । संस्थाको आफ्नै भवनमा एउटा बैठक र अरु दुईवटा कार्यालय प्रयोजनका कोठा छन् । संस्थामा ६५ आजीवन सदस्य र १५ सदस्यीय कार्यसमिति रहेको अध्यक्ष भुर्तेलले बताए ।

भक्तपुर क्यान्सर अस्पताल र भरतपुर क्यान्सर अस्पतालमा उपचार सेवा लिन जाने बिरामीलाई सहुलियतका लागि सिफारिस गर्ने संस्थाको उद्देश्य भएको उनको भनाइ छ । तर पछिल्लो समय संस्थाले कसैलाई पनि सिफारिस गरेको छैन । पञ्चायतकामा राजपरिवारका सदस्यको नेतृत्वमा काठमाडौंमा अर्बुद रोग निवारण संस्थाको स्थापना भएको थियो । जिल्लाहरुमा यसको शाखा विस्तार गरिएको हो ।



साभार भारखरी

## प्रतिगमनको विरोधमा पत्रकारले प्रदर्शन गर्ने

**– सन्दर्भ समाचारदाता**

झापा । प्रतिगमनको विरोधमा प्रधानमन्त्री केपी शर्मा ओलीको गृह जिल्लामा पत्रकारले प्रदर्शन गर्ने भएका छन् । प्रेस युनियन र प्रेस संगठन झापा शाखाको संयुक्त आयो जनामा माघ २७ गते मंगलबार बिहान



११ बजे झापाको बिर्तामोडमा प्रदर्शन गर्ने भएका हुन् । दुई संगठनको आज बिर्तामोडमा भएको संयुक्त छलफलले प्रदर्शन गर्ने निर्णय गरेको हो ।


**भद्रपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**भद्रपुर (झापा) प्रदेश नं. १ को**

**जनहितमा जारी सूचना**

- मिसावट गरिएका, सडेगलेका तथा अस्वास्थकर खानेकुरा नखाऔं ।
- सडक तथा सार्वजनिक स्थानमा छाडा रुपमा चौपायाहरु नछोडी सभ्य नागरिकको पहिचान दिऔं ।
- सडक तथा पेटी-किनारमा आवगमनमा अवरोध हुने गरी निर्माण सामग्री नराखौं ।
- बालबालिकालाई काममा होइन, विद्यालय पठाऔं ।
- सार्वजनिक स्थलमा जतातत्तै फोहोरमैला नफालौं ।
- आफ्नो घर वरपर विरुवा रोपी हरित नगरीको रुपमा विकास गरौं ।



**अर्जुनधारा नगरपालिकाको कार्यालय**
**शनिश्चरे (झापा) प्रदेश नं. १ को**

**जनहितमा जारी सूचना**



- मिसावट गरिएका, सडेगलेका तथा अस्वास्थकर खानेकुरा नखाऔं ।
- सडक तथा सार्वजनिक स्थानमा छाडा रुपमा चौपायाहरु नछोडी सभ्य नागरिकको पहिचान दिऔं ।
- सडक तथा पेटी-किनारमा आवगमनमा अवरोध हुने गरी निर्माण सामग्री नराखौं ।
- बालबालिकालाई काममा होइन, विद्यालय पठाऔं ।
- सार्वजनिक स्थलमा जतातत्तै फोहोरमैला नफालौं ।
- आफ्नो घर वरपर विरुवा रोपी हरित नगरीको रुपमा विकास गरौं ।



**रोश्नी ज्वेलर्स**
भद्रपुर-१० (बजार लाईन), चन्द्रगढी
प्रो. रञ्जु साह/ मुकेश साह
२४ क्यारेट
सम्पर्क : ९८६३६१४२७०
विना रुकावट



**सुनगाभा सपिङ्ग सेन्टर**
भद्रपुर-१०, झापा
सेन्चुरी बैंक तल
०२३४५५९७२
निरज निरौला
९८५२६२०२७७
घर तथा अफिस डेकोरेसन तथा फर्निसिङ्ग सामाग्रीको थोक तथा खुद्रा विक्रेता



# सधैँ जवान : यस्तो छ, फिटनेसको रहस्य

काठमाडौं । गत जेठ २५ गते अभिनेता राजेश हमालले आफ्नो फेसबुक वालमा केही फोटो सेयर गर्दै लेखे, 'भोलि २५ पुग्ने भइयो, पिर पर्‍यो ।' जेठ २६ गते उनको जन्मदिन परेको थियो । यथार्थमा त उनको उमेरले ५५ टेक्दै थियो तर सदाझैं उनी 'भर्खर २५ पुगियो' भन्दै आफूलाई जवान दाबी गरिरहेका थिए ।

खासमा यो दाबी उनको मात्रै होइन, आम दर्शकको दृष्टिकोण पनि हो । शारीरिक रुपमा देखिएको तन्दुरुस्ती र कामप्रति जोश र जाँगरले पनि उनलाई त्यस्तै संकेत गर्छ अर्थात् 'जवान'। उमेर वर्ष वा संख्या मात्र होइन, भावना र सोच पनि हो । अमेरिकी लेखक मार्क ट्वेनले भनेकै छन्, 'उमेर दिमागको मुद्दा हो, जुन सोचाइमा निर्भर गर्छ । तिमी आफूलाई बुढो सोच्दैनौ भने कहिल्यै बूढो हुँदैनौ ।' जोस, जाँगर र सक्रियता भएन भने झर्झराउँदो बैँस र बुढ्यौलीमा कुनै अन्तर हुँदैन ।

हमालमात्रै होइन, नेपाली फिल्म क्षेत्रका चर्चित केही अनुहार पाको उमेरमा पुग्दै गर्दा अझै 'फिट एन्ड फाइन' देखिन्छन् । उनीहरुले आफूलाई 'मेन्टेन' गरेका छन् । काममा निरन्तर सक्रिय छन् , खटेर र डटेर काम गरिरहेका छन् धेरैलाई जिज्ञासा हुँदो हो, नेपाली फिल्मले 'महानायक'को उपमा दिलाएको राजेश हमाल उमेरले ५० पार गरिसक्दा पनि किन अझै उस्तै जवान देखिन्छन् ?

'अहिले म जीवनको सुनौलो चरणमा छु । शारीरिक रूपमा मात्र नभएर सोच र अनुभवले पनि परिपक्व भइरहेको छु,' अभिनेता हमाल भन्छन् , 'मेरो जोस-जाँगर नौजवानको भन्दा कम छैन । त्यसैले मलाई उमेर बढ्दै गएको महसुस भएको छैन ।'

हमालका नजरमा हामीकहाँ प्रायः मान्छेहरु उमेरभन्दा बुढा देखिनुको कारण खानपिन र अनुशासनमा ध्यान नदिनाले हो । उनको अनुभवमा हामीले 'के खान्छौँ' भन्दा पनि 'के खाँदैनौ' भन्ने कुराले जीवनलाई फिट राख्न ठूलो अर्थ राख्छ । त्यसैले उनी खानपिनमा निकै सचेत छन् । अम्मल, जाँड-रक्सी, चुरोट केही खाँदैनन् । चिल्लोचाप्लो र मरमसला कम खान्छन् । गुलियो र बढ्ता नुन पनि खाँदैनन् । 'उमेर बढ्दै जाँदा व्यायामले पनि खासै अर्थ राख्दैन जस्तो लाग्छ,' उनी भन्छन् , 'तैपनि आफूलाई मेन्टेन गर्न दैनिक घरमै एक-दुई घन्टा एक्सरसाइज गर्छु ।'

अंग्रेजीमा एउटा भनाइ छ नि, 'उमेर स्वभाविक प्रक्रिया हो, यसका लक्षण पनि स्वभाविक हुन् । तर उमेरलाई ' ग्रेसफुल' बनाउनुपर्छ ।' हमालले पनि आफ्नो जीवनमा यही सिद्धान्त अपनाएका छन् । भन्छन्, 'आफू निरोगी भइयो भने उमेरले खासै अर्थ राख्दैन । तर, रोगी शरीर भयो भने उमेरको कुनै अर्थ हुँदैन ।'

३५ वर्ष भइसक्यो तैपनि निरन्तर फिल्म क्षेत्रमा सक्रिय छन् , अभिनेता शिव श्रेष्ठ । उमेरले ६५ वर्ष पुगिसक्दा पनि आफूलाई जवान ठान्छन् । हमालजस्तै ठट्टा गर्छन्, 'भर्खर त ३५ पुगेँ ।' भन्छन्, 'हरेक नयाँ फिल्म आउँदा मलाई उस्तै डर लाग्छ । म परिपक्व भएको भए त नलाग्नु पर्ने होइन र ?'

'बूढो' देखिन कसलाई पो मन लाग्छ र ? शिव त्यही 'बुढो' नदेखियोस् भनेर व्यायाम र खानपिनमा खुब ध्यान पुर्‍याउँछ न् । फिल्म क्षेत्रमा उनी जाँड-रक्सी नलिने अभिनेताका रूपमा चिनिन्छन् । 'जाँडरक्सी र चुरोट नखाँदा शरीरलाई धेरै फाइदा पुग्दो रहेछ,' उनी भन्छन्, 'म खानपिनमा धेरै ध्यान दिन्छु । खाना पनि ठिक्क खान्छु । धेरै चिल्लो खान्नँ । स्याउ, हट लेमन, गाँजर, मुला अत्यधिक खान्छु ।'

उनको विश्वासमा, तपस्याले पनि मान्छेलाई तन्दुरुस्त बनाउँछ । 'जुनसुकै क्षेत्रमा पनि तपस्या जरुरी छ,' उनी भन्छन्, 'म पनि तपस्याकै कारण यस्तो तन्दरुस्त छु ।' उनी राति जति बजे सुते पनि बिहान ४ बजे उठेर कम्तीमा सात किलोमिटरसम्म मर्निङ वाक गर्छन् । 'बिहानै योग गर्छु । भजन गाउँछु,' उनले भने, 'घरमै सानोतिनो जिमखाना बनाएको छु । त्यहीँ व्यायाम पनि गर्छु ।'

अभिनेता भुवन केसीलाई देख्दा लाग्छ, उनको उमेर घटिरहे पनि मुहारबाट चमक र शरीरबाट सक्रियता घटेको छैन । झन्-झन् ह्यान्डसम देखिँदै छन् । भर्खरै एउटा फिल्म घोषणा नै भयो 'एन्टी हिरो' जहाँ उनका छोरा अनमोल हिरो बन्दै छन्, उनी भिलेन । यसैले देखाउँछ, उमेर ५९ लागिसकेपनि कर्मले अझै जवान देखिन्छन् । भुवनलाई लाग्छ- भगवानले उनको उमेर बढाउन नै बिर्सिए । ठट्टा गर्छन्, 'भगवानको कृपाले अहिलेसम्म बुढो देखिएको छैन । मसँगै अभिनय गर्ने कतिपय नायिकाहरू त बूढी भइसके ।' उनलाई लाग्छ, हिरो-हिरोइन कहिल्यै बुढा हुँदैनन् । उमेर जति ढल्किँदै गयो, त्यति नै अभिनय खारिँदै जान्छ । ' अझै धेरै कुरा गर्न र सिक्न बाँकी छ,' तीन दशकदेखि नेपाली फिल्म क्षेत्रमा क्रियाशील उनी भन्छन्, 'अझै मेरो ५० प्रतिशत अभिनय क्षमता देखाउन बाँकी नै छ ।' उनी मान्छे परिपक्व उमेरले भन्दा पनि दिमागले हुने बताउँछन् ।

उमेरले ६० टेक्न लाग्दा पनि भुवनलाई अझै उस्तै तन्दुरुस्त देख्ने धेरैले प्रश्न गर्छन्- यसको राज के हो ? तर, उनी आफूलाई मेन्टेन यस्तो कुनै फर्मुला नअपनाएको बताउँछन् । आफूलाई अपवाद ठान्छन् । 'केही मात्रामा चिल्लो खानेकुरा चाहिँ कम खान्छु,' उनी भन्छन्, 'नत्र अरू केही बार्दिनँ । न त समयमा सुत्छु, न त समयमा उठ्छु । जाँडरक्सी, चुरोट सब खान्छु । दिनमा १०।१२ कप चिया खाएकै हुन्छु । डाइटिङ पनि गर्दिनँ । फलफूल पनि खान मन लाग्दैन । तर, पनि यस्तो छु ।'

भुवनको अनुभवमा उमेर ढल्किँदै गएपछि काम गर्ने 'स्टामिना' भने कमजोर हुँदै जान्छ । फिल्म 'ड्रिम्स' निर्देशनताका उनले यस्तो महसुस गरेका हुन् । 'पहिले एक दिनमा सक्ने सुटिङलाई अहिले त डेढ दिन लाग्दो रहेछ,' उनले भने, ' पहिलेजस्तो रातभरि सुटिङ गर्न अब सकिँदैन । चाँडो थाकिन्छ । चाँडो निद्रा लाग्छ । 'मेन्टल्ली' बलियो भए पनि ' फिजिकल्ली' काममा सुस्तता देखिन्छ ।'

नेपाली मनोरञ्जन क्षेत्रमा यस्तो कुनै कार्यक्रम हुँदैन, जहाँ अभिनेत्री करिश्मा मानन्धर नपुगेकी हुन्, अनि उनको सुन्दरताको तारिफ नभएको होस् । हरेक कार्यक्रममा उनको सुन्दरताले चर्चा पाउँछ, उनको पहिरन र गेटअपले मिडियाकर्मीको क्यामेरामा स्थान पाउँछ । धेरैले आश्चर्य प्रकट गर्छन् , 'यत्रो एजमा पनि यति राम्री ।' 'कसैले सुन्दरताको प्रशंसा गरिदियो भने महिलाको दिन बन्छ भन्छन। त्यो अर्थमा त यो प्रशंसा ठिकै हो,' करिश्मा भन्छिन्, 'तर, कसैले यसो भनिदिँदा मलाई 'बूढी' भएको महसुस हुन्छ ।' उनलाई कसैले बूढी भनिदिएको मन पर्दैन । धेरैले अनुमान लाउँछन्, करिश्माको उमेर ५० पार गरिसक्यो । तर उनकै दाबीअनुसार भर्खर ४८ पुगिन् । करिश्मालाई आफ्नो जीवन 'रिसाइकल्ड' भएजस्तो लाग्छ । केही वर्षअघि उनी आफूले निर्माण गरेको फिल्म 'बाबुसाहेब' फ्लप भएको झोकमा अमेरिका हानिएकी थिइन् । अमेरिकामा त 'लुक्स'ले होइन, उमेरले अर्थ राख्छ रे । 'त्यहाँ म र मेरी छोरीसँगै हिँड्दा कतिपयले मलाई लाइन मार्थे,' उनी अनुभव सुनाउँछिन् ।

आफूलाई सधैँ सुन्दर र फिट राख्न उनी खानपिनमा विशेष ध्यान दिन्छिन् । विशेषगरी अर्गानिक खानेकुरामा ध्यान दिन्छिन् । घरकै सागपातमा जोड दिन्नि् । आफ्नै फार्ममा पालेको कुखुराको मासु खान्छिन् । नियमित व्यायाम पनि गर्छिन् । अहिलेसम्म उनको कपाल नफुलेको दाबी गर्छिन् । 'नफुलोस् भनेर गाईको दूध खाने गर्छु,' उनी भन्छिन्, 'तोरी र बदामको तेल लगाउने गर्छु । कपाल फुल्न नदिने मेरो योजना छ । सबैले जवान भन्छन्, सकेसम्म जवान नै देखिन खोज्छु ।'

अभिनेता रमेश उप्रेती पनि उमेरले ४६ पुगिसके तर शारीरिक रुपमा ३०र३५ का युवाभन्दा कम देखिँदैनन् । खुब मेन्टेन गरेका छन् आफ्नो ज्यान । कुनै बेला उनी नेपाली फिल्म क्षेत्रमा जमेका थिए । बिडम्वना, जमिरहेकै बेला फिल्म छाडेर अमेरिका हानिए । आठ वर्षको अमेरिका बसाइपछि फेरि उनी नेपाली फिल्ममा कमब्याक छन्, अहिले। आफ्नै लगानीमा 'ऐश्वर्य' फिल्म निर्माण पनि गरिसके । फिल्म क्षेत्रमा उनको सक्रियता दिनप्रतिदिन बढ्दो छ । 'उमेर भनेको मात्र नम्बर हो', उनी हाँस्दै भन्छन् 'म त मेरो आइडी हेर्दा मात्र आफू चालीस प्लस भएको थाहा पाउँछु । नत्र त ३०।३२ वर्षको केटो जस्तो नै लाग्छ । हेर्दा पनि धेरैले त्यही अनुमान लगाउँछन् । मभन्दा कान्छोले त भाइ भन्छन् मलाई ।'

अभिनेता उप्रेतीको अनुभवमा यसरी शरीर मेन्टेन गर्दा खुलेर खान पाइँदैन । ' मलाई मःमः, घ्यू र खसीको मासु असाध्यै मनपर्छ,' उनले भने, 'तर, शरीरलाई मेन्टेन गर्न म यी सब चिज खाँदिन । चिल्लो कम खान्छु, गुलियो फिटिक्कै खान्नँ । सकेसम्म जंक फुडबाट टाढै रहन्छु। मदिरा पनि लिन्नँ। उनलाई लाग्छ- हरेक व्यक्तिले शरीर मेन्टेन गर्नसक्ने हो भने १० वर्ष सधैँ उसकै हातमा हुन्छ। 'मलाई दर्शकले साथ दिइरहनुभयो भने अझै १० वर्ष यही रूपमा देख्न पाउनुहुने छ,' उनको दाबी छ । सधैँ यस्तै जवान देखिनुको खास रहस्य के हो त ? उनको जवाफ छ- नियमित व्यायाम र मिहिनेतको परिणाम । 'अहिले पनि मौका मिल्दा चार-पाँच घन्टा एक्सरसाइज गर्छु,' उनी भन्छन् , 'कम्तीमा दुई घन्टा त गरेकै हुन्छ । दर्शकले हामीलाई सधैँ सुन्दर र जवान देख्न चाहन्छन् । उनीहरूको प्रेमका खातिर पनि हामीले शरीरलाई मेन्टेन गर्नुपर्छ ।



मोडेल : प्रतिमा महर्जन


विद्यार्थी, शिक्षक, कर्मचारी
परिचय-पत्रको लागि
कम्प्युटर प्वाइन्ट चन्द्रगढी
भद्रपुर-७ (चन्द्रगढी), झापा
सम्पर्क : ०२३४५५७०६




अर्गानिक चिया पिऔं, स्वास्थ्य जीवन जिऔं
ग्रिनहिल टी हाउस
अर्गानिक ग्रिन टी — ध्यू, छुर्पी
गोल्डेन टी — अकवरे खोर्सानी
ह्वाईट टी — किवि फल, ललीपप
अर्थोडक्स टी — ग्राउन एप्पल
हामी कहाँ यी सामग्री सुपथ मुल्यमा उपलव्ध छन्
सम्पर्क : ९८५२६४६४१०, ९८४२६४६४१०
उत्पादक : ग्रिनहिल अर्थोडक्स चिया प्रसोधन उद्योग, साक्फेजुङ-४, इलाम

बिर्तामोड नगरपालिका
बिर्तामोड (झापा) प्रदेश नं. १ को
जनहितमा जारी सन्देश
"पूर्वाधार नगर, विषादिरहित कृषि र व्यवसायको अभिवृद्धि सभ्य र स्वास्थ्य नागरिक बिर्तामोड नगरपालिकाको समृद्धि"
- सडकको अधिकार क्षेत्रभित्र निर्माण सामग्री नराखौं ।
- घर निर्माण गर्दा इजाजत लिएरमात्र निर्माण कार्य शुरु गरौं
- भवन निर्माण गर्दा नगरपालिकाले स्वीकृत गरेको मापदण्डभित्र कम्तीमा २ वटा विरुवा रोपण गरौं । जग्गा खण्डीकरण गर्दा नगरपालिकाको पूर्व स्वीकृत लिनु अनिवार्य छ ।

विविध जातका फूलका बिरुवा तथा विउविजनका लागि हामीलाई सम्झनुहोस् ।

न्यू उदेश नर्सरी
भद्रपुर-८, झापा

निर्माण जगतमा मजबुद नाम मनषा सिमेन्ट



निर्माण जगतमा
एक मजबुद शक्ति

ने.गु.नं. ३८५

GC
ISO 9001:2008
Reg. No. RQ977/6760
गोरखकाली सिमेन्ट
AN ISO 9001:2008 CERTIFIED COMPANY

नेपाल स्वर्णकला भवन
भद्रपुर-६ (झापा)
फोन नं. : ०२३-५२०३५९
झापाको एक मात्र २४ क्यारेटको रसायन बिनाको गहनाको लागि
म्यानेजिङ डाइरेक्टर सुभाषरत्न शाक्य
यहाँ हरेक डिजाइनका सुन र चाँदीका गहनाहरु ग्यारेन्टीका साथ बनाइन्छ ।
बिहीबार पसल बन्द रहने छ ।

ओम साई पाथीभरा हस्पिटल प्रा.लि.
भद्रपुरमा अब थप नयाँ सेवासहित
❖ल्याप्रोकोपी सर्जरी सेवा ❖स्त्री तथा प्रसुति रोग विशेषज्ञ सेवा ❖नाक, कान तथा घाँटी रोग विशेषज्ञ सेवा :
❖फिजिउसियन विशेषज्ञ सेवा ❖दन्त रोग विशेषज्ञ सेवा :
❖डायलाईसिस सेवा र डायलाईसिस गर्नु पर्दा लगाईने फिस्टुला सेवा ❖ बाल तथा नवजात शिशुरोग विशेषज्ञ सेवा ❖ मानसिक तथा स्नायुरोग विशेषज्ञ सेवा ❖ छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ सेवा
❖ भिडियो एक्स-रे सेवा ❖ मुटुको ईसीजी तथा ईको कार्डियोग्राफी सेवा ❖ पेटको ईण्डोस्कोपी सेवा
फिजियोथेरापी सेवा ❖ एसी क्याबीन तथा जनरल क्याबीन रुम सेवा
चौबिसै घण्टे सेवा : इमरजेन्सी सेवा, सिटी स्क्यान सेवा, डिजिटल एक्स-रे सेवा, प्याथोलोजी (ल्याब) सेवा, फार्मेसी सेवा, एम्बुलेन्स सेवा
भद्रपुर-९, सगरमाथा चौक, झापा, फोन नं. : ०२३-४५६५८१, ४५६९८१ मो. नं. : ९८५२६७८८२०


नयाँ सन्दर्भ साप्ताहिक । प्रकाशक तथा सम्पादक : गोविन्द चन्द छेत्री ९८४२६३७०८४ । कार्यकारी सम्पादक : द्रोण अधिकारी ९८४२६२८७९१ । कार्यालय : भद्रपुर-८, झापा, ०२३५२००९३
सह-सम्पादक : विगम श्रेष्ठ ९८०४९१६३२१। कम्प्युटर:अलिसा श्रेष्ठ । वेनाम सुब्बा । Email : nayasandarva@gmail.com मुद्रण राजु अफसेट प्रिन्टीङ् प्रेस, बुद्धशान्ति

# सम्पादकीय

## जैविक विविधतामा धनी रहेको जलथल जंगलको संकट अन्त्य गर

एशियामै जैविक विविधतामा धनी मानिएको जलथल जंगल संकटमा परेको छ। यस जंगलको संरक्षणको दायित्व पाएका सरोकारवालाहरू जैविक विविधता दिवसका दिन चिन्ता व्यक्त गर्छन्, वर्षभरी अन्य दिन कता हराउँछन् पत्तो हुँदैन । कतिपय विश्वमै नपाइने वनस्पति र जीव समेत पाइने जलथल जंगललाई जोगाउनु पर्ने दायित्व भएकाहरू अरूले नै केही गर्लान् कि भनेर आशा राख्दै चिन्ता देखाएर दायित्वबाट भाग्दै गएको अवस्था छ । यस्तो अवस्थाको अन्त्य नभएसम्म जलथल जंगलसित जोडिएको जैविक विविधता संरक्षित हुने छैन । वर्षमा एकचोटी विज्ञ सहितका सरोकारवालाले जलथल वन अवलोकन तथा अन्तरक्रिया कार्यक्रमका गर्ने गरेका छन् । यस्ता कार्यक्रमले रुख मात्र जोगाउने नभएर वनमा रहेका सम्पूर्ण जैविक विविधता जोगाउन वन समूहहरुको दायित्व बुझाउन सकेको अवस्था पनि छैन । जलथल जंगल वास्तविक सिमसार भएको भएको क्षेत्र हो तर, केही वर्षयता त्यस क्षेत्रको पानी अप्रत्यासित रूपमा सोसिरहेको छ । विज्ञहरूले कारण पत्ता लगाउन जरुरी भएको छ ।

जंगललाई पर्यटकीयस्थलको रूपमा विकास गर्न आवश्यक भए पनि जैविकतालाई नास गर्ने गरी भौतिक संरचनाको निर्माण आवश्यक नरहेको स्थानीय सरकारलाई बुझाउन जरूरी छ । जैविक विविधता जोगाउन कसैलाई पनि जंगलमा प्रवेश गर्न दिनु हुँदैन भन्ने ज्ञान पनि जरूरी छ । यस जंगलको सिमसारको विशेषतालाई उजागर गरी रामसारमा सूचीकृत गर्नसके विश्वमा पर्यापर्यटनका लागि एकीकृत विकास गर्न सकिने छ । त्यसका लागि ठूलो लगानी र प्रयास चाहिने आवश्यकता पनि बुझ्न जरूरी छ । नेपालकै होचो ठाउँमा अवस्थित यस जंगलमा संसारमै नपाइने ६ वटा रुखका प्रजाति र ३ वटा वनस्पति भेटिएको विज्ञहरूको ठहर छ । जलथल जंगल जैविक विविधताले नेपालकै धनी भएको प्रमाण पनि यही हो । यस जंगलमा रहेको सिमसारमा पानीको मुहान सुक्दै गएको , वन्यजन्तुहरु नासिदै गएको, चराचुरुङ्गीहरु हराउँदै जानु चिन्ताको विषय हो । मानवको आर्थिक विकास सँगसँगै जैविकताको पहिचान रहेको सिमसारलाई पनि विकसित गर्दै लैजानु पर्छ ।

यस वन क्षेत्रमा १७० किसिमका चरा , १५० किसिमका पुतलीहरू रहेका छन् । त्यस्तै कटुस , लटहर , बेत , सतिसाल जस्ता दुर्लभ वनस्पति, बदेल, हरिणजस्ता वन्यजन्तु यहाँ पाइन्छन् । केही वर्षयता सालक, बाँदर जस्ता वन्यजन्तु लोप हुँदै गएका छन् । जलथल जंगललाई हात्ती करिडोरको रूपमा विकास गर्न सकिने संभावना छ । जैविक विविधतामा एशियाकै धनी यस जंगललाई संरक्षण र संवर्द्धन गर्न सवै लाग्ने हो भने जैविकता सुरक्षित हुन्छ । यस जंगलमा माइकेनिया प्रजातिको मिचाहा झारले स्थानीय प्रजातिमाथि नकारात्मक प्रभाव पारिरहेको छ। पूर्वी दक्षिणी झापाको पहिचान रहेको यस जंगलले झापाका करिव १८ हजार हेक्टर वन क्षेत्रमध्ये एक तिहाई भाग ओगटेको छ । जलथल वन भित्र २२ वटा वन समूहहरू रहेका छन् । यी समूहहरूले रूख जोगाएका भए पनि जैविकता बचाउन सकेको अवस्था छैन । पहिलो संरक्षणको हिस्सेदार स्थानीय सरोकारवालाका रूपमा वन समिति हुन भने स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकार पनि जैविकता संरक्षणका लागि मुख्य जिम्मेवार हुन् । नीति, विधि र प्रकृयाबाटै जलथल वनसित जोडिएको जैविकता सुरक्षित हुनु पर्छ । वर्षमा एक दिन चिन्ता गरेर यस वनको जैविकता बच्ने छैन ।

# दस्तावेजः

# भुलेका छैनौं त्यो 'माघ १९' झापाली पत्रकारले

–मोहन काजी

विहानको ११ बजिसकेको थियो । सरकारी कार्यालयहरु सुनसान देखिन्थे । जताततै बन्दुकधारी परिचालित गरिएको थियो । पूर्वतिर हेर्दा रंगशालासम्मै प्रहरीको लकी देखिन्थ्यो । पश्चिमतिर हेर्दा लेखनाथ चोकसम्म उस्तै । हाम्रो जुलुसले चोक र मुख्य बाटामा बसेका सुरक्षाकर्मीलाई छक्याउँदै रासस कार्यालय छेउको बाटो हुँदै जिल्ला प्रशासनतिरै नारा लगाउँदै जाने निधो गयौ ।

शाही सत्ता लादिएको एक वर्ष भइसकेको थियो । ०६२ माघ १९ गतेको त्यो दिन निरंकुश शाही शासनको विरोध गर्न हामी चन्द्रगढी बस स्टेन्डमा भेला भइसकेका थियौं । मुलुकमा सात राजनीतिक दल र माओबादी विद्रोहीले शाही सत्ताको अन्त्यका लागि निर्णायक आन्दोलन गरिरहेको अवस्था थियो । शाही सत्ताले नेपाल पत्रकार महासंघलाई आठौं दल भन्दै समग्र प्रेसमाथि चकी दमनको नीति अख्तियार गरेको थियो । लोकतन्त्र वहाली र राजतन्त्रको अन्त्यका लागि झापाली पत्रकारहरुले त्यो दिन सदरमुकाममा विरोध प्रदर्शन गरेर लोकतान्त्रिक आन्दोलनमा अग्रणी भूमिका निर्वाह गर्ने अठोट गरेका थिए । पूर्वनिर्धारित कार्यक्रम अनुसार नै हामी सदरमुकाम केन्द्रित जुलुसका लागि जुटिरहेका थियौं ।

नेपाल पत्रकार महासंघको झापा सचिव भएको हैसियतले उद्घोषणसहित जुलुस सुरु भएको घोषणा मैले गरें । अग्रज पत्रकार लीला बराल, गोविन्द्रचन्द क्षेत्री, पूर्व अध्यक्ष माधव विद्रोही, महासंघका उपाध्यक्ष गोपाल गड्तौला, कोषाध्यक्ष तारामणि सापकोटा लगायतका अग्रज तथा साथीहरु अग्रभागमै हुनुहुन्थ्यो । राजेन्द्र गौतम, प्रेम आचार्य, राजु अधिकारी, पर्वत पोर्तेल, कृष्ण मिश्र, रमेश समदर्शी, नारायण खड्का लगायतका साथीहरुले प्रतिगामी शाही सत्ता मुर्दाबाद लेखेको कालो व्यानर निकाल्नु भयो । अरु साथीहरुले लोकतन्त्र र प्रेस स्वतन्त्रताको पक्षमा र राजाको अधिनायकबादी शासनको विरोधमा नारा लेखिएका प्लेकार्डहरु उचाल्न थाल्नुभयो ।

पत्रकारहरुको जुलुस छापामार शैलीमा उत्तरतर्फ बढ्यो । चारैतिरबाट बन्दुकधारी नेपाल प्रहरी र सशस्त्र प्रहरीको जत्थाले हाम्रो जुलुसलाई घेयी । हामीलाई अघि बढ्न नदिइए पछि झन चिच्याएर गगनभेदी नारा घन्काउन थाल्यौं । साथीहरुले शाही सत्ता मुर्दाबाद, लोकतन्त्र जिन्दाबाद, पुलिस दमन बन्द गर लगायतका नारा लगाइ नै रहे ।

जुलुस सुरु भएको पाँच मिनटमै हामीमाथि प्रहरी दमन सुरु भएको थियो । प्रहरीले हाम्रा व्यानर र प्लेकार्ड बलपूर्वक खोस्यो । साथीहरुले प्रहरीको घेराबन्दीभित्र संकटकाल लागेको त्यस्तो बेलामा त्यहाँ जसरी प्रतिरोध गर्नुभयो, त्यो वास्तवमै सलामयोग्य थियो । अविस्मरणीय थियो । त्यसबेला प्रहरीसँग लाठी खोसाखोस र तानातान भएको थियो । प्रहरीले कतिपय साथीहरुलाई बन्दुक ताकेका थिए । बन्दुकको कुन्जाले धकेलेका थिए । लछारपछार पारेका थिए ।

पत्रकारहरुले नारा घन्काएपछि चन्द्रगढीबासी हामीलाई साथ दिन आउनुभएको थियो । पत्रकारितामा सक्रिय दिपेन्द्र भट्टराई, जनक पाण्डे, नारायण भट्टराई लगायतका थुप्रै अधिवक्ताहरु प्रहरी दमनको प्रतिरोध गर्न त्यहाँ आउनुभएको थियो । माघ १९ लाई कालो दिनको रुपमा विरोध जनाउन पत्रकार महासंघले त्यसदिन चन्द्रगढीमा निकालेको जुलुस ऐतिहासिक थियो । आन्दोलनमा ठूलो ऊर्जा थपेको त्यसबेला झापामा लोकतान्त्रिक आन्दोलनको नेतृत्व गरिरहेका सुधिर शिवाकोटी, रविन कोइराला, देबेन्द्र दाहाल लगायतले भन्नुहुन्थ्यो । पाको उमेरमा युवा झैं जोश बोकेर अग्रज पत्रकार गोविन्दचन्द क्षेत्री जुलुसमा सहभागी हुनुभएको थियो ।

चकी प्रहरी दमनका कारण हाम्रो जुलुस अघि बढ्न पाएन । तैपनि हामीले विरोधलाई जहाँ रोकिएका छौं, त्यहीं तीब्र पार्यौं । जति प्रहरीले लाठी हान्छ, उति चकी स्वरमा साथीहरुले नारा लगाउन थाल्नुभयो । प्रहरीले थप शक्ति र गाडी मगाएर हामीलाई धरपकड थाल्यो । अगाडि भएको हुँदा म, गोपाल गड्तौला, राजेन्द्र गौतम, प्रेम आचार्य, नारायण खड्का, तारामणि सापकोटा लगायतलाई पाखुरामा समातेर हतियारधारी प्रहरीले घिस्याउँदै पहिलो खेपमै पुलिसभ्यानमा हाल्यो । त्यसपछि उमाकान्त खनाल, रमेश समदर्शीलगायतका साथीहरुलाई तान्दै ल्याएर गाडीमा हाल्दै गरेको देखें । एक एक गरी सबैलाई गिरफ्तार गरियो । एउटा गाडीमा नअँटेर साथीहरुलाई अरु भ्यानहरुमा पनि हालियो । एकैखेपमा पचासभन्दा बढी पत्रकार यसरी पक्राउ परेको घटना नेपालमै पहिलो थियो ।

पुलिसको नियन्त्रणमा पनि हामीले आत्मसमर्पण गरेनौं । अब हामीलाई जेलमा हाल्छ, यातना दिन्छ र जे पनि हुन सक्छ भन्ने अनुमान भइसकेको थियो । कानून व्यवसायी साथीहरुसहित सयौं जनसमुदायले हाम्रो गिरफ्तारीको विरोध गरिरहनु भएको थियो । पुलिसको भ्यानभित्रै हामीले पुलिस दमन मुर्दाबाद, शाही शासन मुर्दाबाद, लोकतान्त्रिक गणतन्त्र जिन्दाबाद जस्ता नारा लगाइरहेका थियौं । पुलिसको भ्यान जिल्ला प्रहरी कार्यालयभित्र पसेपछि पनि हामीले निरंकुशतन्त्र विरुद्ध नारा लगाउन छाडेनौं ।

जिल्ला प्रहरी कार्यालय चन्द्रगढीको हिरासतमा नअट्ने भएपछि हामीलाई बन्दुकधारीको घेराबन्दीमा चिसो चौरमा दिनभर राखियो । सबै साथीहरु भोकै थिए । माघे चिसोका कारण साथीहरुको स्वास्थ्यमा गडबडी हुन थालिसकेको थियो । आठ घण्टा चिसो चौरमा राखेर मानसिक यातना दिएपछि हामीलाई राति ७ बजेतिर पक्राउ पुर्जी थमाउन थालियो ।

प्रहरी कार्यालय परिसरभित्र अकीतिर प्रहरीको दंगा गणमा नेपाली कांग्रेस, नेकपा एमालेलगायतका आन्दोलनकारी दलका थुप्रै नेताहरुलाई बन्दी बनाएर राख्ने गरिएको रहेछ । हामीले दिनभरि बन्दी अवस्थामा रहँदा समेत चर्का नाराबाजी गरेको सुनेर दंगाको गणमा बन्दी रहनु भएका नेताहरुले समेत नाराबाजी गर्न थाल्नुभयो । उहाँहरुले हाम्रो आवाजमा साथ दिन थाल्नु भएको थियो । पुलिस हिरासतको त्यो बसाईमा कोही पत्रकारहरु पनि दबेका, डराएका र अत्तालिएका थिएनन । लोकतन्त्रको पक्षमा लड्दा हिरासत त के जेल जान पनि तयार थिए झापाली पत्रकारहरु । साथीहरुले गीत गाउँदा राजतन्त्रको विरोधमा गाउनुहुन्थ्यो ।



**गिरफ्तार गरिएका पत्रकार**

**१.गोपाल गडतौला २.मोहन काजी ३. तारामनि सापकोटा ४. लीला बराल ५. गोविन्द चन्द्र छेत्री ६. रमेश समदर्शी ७.कृष्ण मिश्र ८.राजु अधिकारी ९ एकराज गिरी १० लक्ष्मि उप्रेती ११ राजेन्द्र गौतम १२. सुब्रत नेउपाने १३. उमाकान्त खनाल १४. शेखर सेडाई १५. बिष्णु रिमाल १६ गाविन पोखरेल १७ नारायढा खँडका १८. हिमाल बिरही १९. मिनप्रकाश उप्रेती २०. पर्वत पोर्तेल २१. प्रेम आचार्य २२. नगेन्द्र निरौला २३. कृष्ण सिंजाली गरी जम्मा २३ जना ।**

**पत्रकार गिरफ्तार गरिएको बिरोध जनाउँदै नेपाल पत्रकार महासंघ झापाले तत्काल एक प्रेस बिज्ञप्ति जारी गर्‍यो ।**

**जारी बिज्ञप्तिम, निरङ्कुश शाही सरकारले मानव स्वतन्त्रतामाथि र संचार जगतमाथि गरेको दमन र धरपकड, दक्षिणपन्थी निरंकुशता र अप्रजातान्त्रीकको द्यौतक बनेको भन्दै, पत्रकारहरुले गरेको मौन जुलुस उपर गरेको बर्बर हस्तक्षेपको घोर निन्दा जनाउदै, पत्रकारहूको अविलम्ब रिर्हाको माग गर्दछौं , भनिएको थियो ।**

**जारी बिज्ञप्तिमा नेपाल पत्रकार महासंघका तर्फबाट हस्ताक्षर गर्ने पत्रकारहरुमा :- चिन्तामणि दाहाल, माधव बिद्रोही, रामनाथ बाँस्कोटा, भीम नेमवाङ्, मनकुमार गदाल, मदन खरेल, लेखनाथ परदेशी, लीला अनोमल, दिपक अधिकारी, पुकार राजवंशी र दिपेन भट्टराइ थिए ।**

**यसैगरी, पत्रकार गिरफ्तार गरेकोमा जारी बिज्ञप्तिमा ऐक्यबद्धता जनाउँदै हस्ताक्षर गर्ने मानव अधिकारवादिहरुमा, अशोक पोखरेल -(अध्यक्ष नेपाल बार एशोसिएसन झापा), अर्जुन बस्नेत(ईन्सेक झापा) नारायण पराजुली (हुरेड) लालराज सुवेदी ( मानव अधिकारवादी) ।**

पत्रकार राजु अधिकारीको अगुवाइमा 'डाँफे नाँचेर बन्दैन मुलुक राजा राखेर'' बोलको गीत गाउँदा लय नमिले पनि हामी सबैले स्व्र मिसाउँदा प्रहरी परिसर थर्कमान भएको थियो । गाउँ गाउँबाट उठ बस्ती बस्तीबाट उठ, रक्त क्रान्तिको ज्वालामुखीमा, रिङ्के बुङ्को राँगालाई लगायतका थुप्रै गीत हाम्रा साथीहरुले हिरासत बसाइमै गाउनुभयो ।

यति धेरै साथीहरु गिरफ्तारीमा परेका थियौं कि प्रहरीलाई समेत कहाँ लगेर राख्ने भन्ने समस्या पर्यो होला । आठ घण्टासम्म हामीलाई चौरमै राखियो । यो गिरफ्तारीको घटनाले मुलुक हल्लिएको थियो । रेडियोहरुमा समाचार आएपछि काठमाडौं र जिल्लाका आन्दोलनकारी दलहरुले पत्रकारहरुको रिहाइको माग गर्न थालिसकेका थिए । नेपाल पत्रकार महासंघ केन्द्रीय समितिले यो घटनालाई प्रेस माथिको सबैभन्दा चकी दमनको रुपमा व्याख्या गर्दै अन्तर्राष्ट्रिय पत्रकार महासंघ ९आइएफजे०को ध्यानाकर्षण गराएको थियो । संयोगले त्यही दिन अन्तर्राष्ट्रिय पत्रकार महासंघ ९आइएफजे०को मिसन नेपालमा प्रेसमाथि भइरहेको दमनको अनुगमन गर्न काठमाडौं आइपुगेको रहेछ । झापाको घटना उनीहरुले थाहा पाइसकेका थिए ।

हामी तत्काल रिहा हुने कुनै छाँट थिएन । बरु रातभरि यस्तै चिसो चौरमै राख्यो भने ज्यान जाला भन्ने चाहिँ डर लागिरहेको थियो । परिवारका सदस्यहरुसँग समेत कुराकानी गर्न दिइएको थिएन । मोवाइल खोसेको थियो प्रहरीले । तैपनि एक दुई वटा मोवाइल साथीहरुले लुकाएर ल्याउनु भएको थियो । त्यसबाट आफ्ना मिडिया हाउसमा खबर पठाउन सकेका थियौं । जस्तो कि, त्यो दिन प्रहरीको हिरासतबाटै लेखिएको सम्पादकीय जनसंसद् दैनिकमा प्रकाशित भएको थियो ।

प्रहरी कार्यालयको सन्नाटा, बन्दुकधारीले बुट बजारेको कर्कश आवाज । चिसो चौरको दिनभरिको बसाई । बहुतै कष्टकर थियो । नेताहरुलाई बन्दी बनाएको दंगा बस्ने गोदामतिरको गेट राति पौने सात बजेतिर खुल्यो । केही प्रहरीले नाम बोलाउन सुरु गरे । पहिलो नाम मेरो थियो । प्रहरीले एउटा सेतो कागज थमायो र उता ९दंगा बस्ने गोदाम०तिर जानु भन्ने उर्दी गयी । मधुरो बिजुली बत्तीको उज्यालोमा पढें-पक्राउ पुर्जी रहेछ । साथीहरुलाई अभिवादन गर्दै दंगाको गोदामतिर म गए । त्यसपछि प्रहरीले क्रमैसँग साथीहरुलाई पक्राउ पुर्जी थमाउन थाल्यो । केही साथीहरुले विरोधमा हंगामा गर्न थाल्नुभयो । पक्राउ पुर्जी बनाउन र नाम बोलाउन निकै बेर लाग्ने भयो । थोरैले मात्र पक्राउ पुर्जी पाउनुभएको थियो । अरु साथीहरुलाई पक्राउ पुर्जी थमाउन लाइन लगाइएको थियो ।

पक्राउ पुर्जी बोकेर दंगाको गेटतिर छिरिसकेका हामी अरु साथीहरुको पर्खाइमा थियौं । त्यत्ति नै बेला प्रहरीले हामीलाई जिल्ला प्रहरी कार्यालय भएतिरै बोलायो । घरि यता घरि उता जानु भन्ने प्रहरीको उर्दीले रिस पनि उठ्न थालिसकेको थियो । त्यसबेला जिल्ला प्रहरी कार्यालयका प्रमुख एसपी केशरीराज घिमिरे हुनुहुन्थ्यो । उहाँ अग्रज पत्रकार युवराज घिमिरेको भाइ हुनुहुन्थ्यो । उहाँले आफ्नो कार्यकक्षमा पत्रकारका नेताहरुसँग कुराकानी गर्न बोलाउनुभएको रहेछ । हामीलाई प्रहरीले उहाँको कार्यकक्षमा पुर्यायो । अरु साथीहरु पनि आउनुभयो । बाहिरबाट अग्रज पत्रकारहरु र राजनीतिक दलका नेताहरु समेत त्यहाँ आउनु भएको रहेछ । एसपी केशरीराज घिमिरेले हाम्रो पक्राउ पुर्जी फिर्ता माग्नुभयो । हामीले फिर्ता दियौं । उहाँले तपाईहरुलाई रिहा गर्न बोलाएको भन्नुभयो । शान्तिपूर्ण प्रदर्शनमा प्रहरीले गरेको दमन र गिरफ्तारीको विरोध त्यहाँ पनि गयौं । रातिको ८ बजिसकेको थियो । हामी सबैलाई रिहा गयी प्रहरीले । भोकले आकुलव्याकुल र मानसिक यातनाले थकित हामी राति घर पुग्ने अवस्था र साधन थिए । आन्दोलनकारी दलको तर्फबाट आउनुभएको राजेन्द्र घिमिरेलगायतले हामी सबैलाई त्यो रात भद्रपुरको धर्मशालामा खाने र बस्ने व्यवस्था मिलाइदिनुभयो ।

तसर्थ, भुलेका छैनौं त्यो कालो दिन-माघ १९ । राजनीतिक सहमतिमा बनेको सरकार अपदस्थ गरी २०६१ माघ १९ गते तत्कालीन राजा ज्ञानेन्द्रले सार्वभौमसत्ता हत्याएको दिन । प्रेस स्वतन्त्रता हनन गर्दै मिडिया हाउसमा बन्दुकधारी सैनिक पठाएर आतंकित पारेको दिन । इन्टरनेट, मोवाइल बन्द गरेको दिन । अनि भुलेका छैनौं, २०६२ माघ १९ पनि । जुन दिन नेपालमै सबैभन्दा धेरै पत्रकारहरु झापामा गिरफ्तारीमा परेको दिन । आठ घण्टा जिल्ला प्रहरी कार्यालय झापाको हिरासतमा थुनिएको दिन । ती तमाम पत्रकार अग्रज तथा साथीहरुलाई सलाम अर्पण गर्दछु, त्यो दिन चन्द्रगढीमा शाही सत्ताको चकी दमन र घेराबन्दीका बीच झापाली पत्रकारहरुले लोकतान्त्रिक गणतन्त्रको पक्षमा निकालेको जुलुस ऐतिहासिक थियो । लोकतन्त्र ल्याउन नेपाली प्रेसले गरेको विद्रोह र संघर्षलाई सम्झिने दिन पनि हो माघ १९ ।

# संसद पुनर्स्थापना भए अर्को अध्यादेश



–अमित ढकाल

अहिले नेपाली राजनीतिमा सम्भवतः सबभन्दा धेरै चलेको शब्द हो– सेटिङ । राजनीतिक कार्यक्रमदेखि, डिनर टेबल र चिया दोकानसम्म् सेटिङ्ग को चर्चा छ । प्रधानमन्त्री केपी ओलीले हठात प्रतिनिधिसभा विघटन गरेपछि यो शब्दको प्रयोगमा तीव्रता आएको हो ।

मेरो मन भने सुरूदेखि नै सेटिङ्ग मान्न तयार छैन । हुन त "कन्सपिरेसी थ्योरी"मा मलाई विरलै विश्वास हुन्छ । त्यसैले षड् यन्त्र सुँघ्नेमा म कमजोर नै छु । यसपालि जसरी घटनाक्रम विकास भएका छन्, तिनको विश्लेषण गर्दा पनि सेटिङ थ्योरी कम विश्वसनीय देखिन्छ ।

सेटिङ कसरी यति धेरै बहुप्रचारित भयो, पहिले त्यसको चर्चा गरौं । संविधानले संसद विघटन गर्ने अधिकार प्रधानमन्त्रीलाई कहीँ कतै दिएको छैन । तर पनि प्रधानमन्त्री ओलीले संसद विघटन गरे । असंवैधानिक विघटन सवीच्च अदालतले उल्टाउन सक्छ भन्ने प्रधानमन्त्रीलाई थाहा नहुने कुरै भएन । तर पनि के ठानेर विघटन गरे ? केको हिम्मतले गरे ? त्यसै त पक्कै गरेनन् होला । मिलाउने ठाउँमा मिलाएरै विघटन गरे होला । यस्तै तर्क वितर्कबीच मानिसहरूले सेटिङ थ्योरी पत्याएका हुन् ।

अर्को कारण हो, भारत । हामीले चाहेर वा नचाहेर पनि भारतले नेपालको राजनीतिक घटनाक्रममा सुँढ घुसाउने गरेको छ । सवीच्च अदालतका पूर्व प्रधानन्यायाधीश खिलराज रेग्मीलाई मन्त्रिपरिषद अध्यक्ष बनाउने योजना भारतकै थियो । यसपालि पनि संसद विघटन गराएर त्यस्तै केही फन्डा भारतले तयार पारेको विश्वास गर्नेहरू धेरै छन् । वायुसेनाको जहाज चढेर काठमाडौं उत्रिएका रअ प्रमुख सामन्तकुमार गोयलले जसरी प्रधानमन्त्री ओलीसँग मध्यरातमा गोप्य मन्त्रणा गरे, त्यसले पनि कन्सपिरेसी थ्योरीलाई बल पुग्यो । त्यसमाथि पुष्पकमल दाहाल प्रचण्ड र माधव नेपाल खेमाका नेकपा नेताले बरोबर सार्वजनिक रूपमा सेटिङको विषय यति उछालिरहेका छन्, मान्छेलाई साँच्चै त्यसै होला भन्ने लागेको छ । फेरि सेटिङ होइन भनेर कसैले अकाट्य दावा गर्न सक्ने अवस्था पनि छैन । तर राजनीतिक घटनाक्रम र प्रधानमन्त्री ओलीकै स्वाभावको अर्को पाटो हेर्दा, उनले सेटिङमा भन्दा पनि सनकमा संसद विघटन गरेको सम्भावना धेरै छ । नेकपाभित्र आन्तरिक राजनीति जसरी विकसित भयो, त्यसलाई आफ्नो पक्षमा पार्न उनले संसद विघटन गरेको देखिन्छ ।

ओलीले सुरूदेखि नै आफू बसेको प्रधानमन्त्रीको कुर्सी कसैले खोस्ने अवस्था आए कुर्सीकै खुट्टो भाँचिदिने बताउँदै आएका थिए । त्यो भनाइ आफ्नै पार्टीका नेताप्रति लक्षित थियो । त्यसो भन्दै आए पनि आफ्नो कुर्सीमा पार्टीभित्रबाट कसैले धावा बोल्छन् भन्ने विश्वास भने उनलाई थिएन । त्यसैले उनले पार्टीभित्रको शक्ति सन्तुलनमा आफू चरम अल्पमतमा रहे पनि सम्झौता गर्ने, सत्ता साझेदारी गर्ने कुनै छनक देखाएनन् । उल्टो उनले सत्तामा एकलौटी गर्दै गए । मंसिर ३० गते जारी भएको संवैधानिक परिषद सम्बन्धी अध्यादेश त्यसको पछिल्लो कडी थियो । अध्यादेश जारी भएको भोलिपल्टै पुस १ गते प्रचण्ड नेपाल खेमाले त्यसको काउन्टर दिए । संसदको विशेष अधिवेशन बोलाउन प्रचण्ड(नेपाल खेमाका सांसद भिम रावल र पम्फा भुषाल सांसदहरूको हस्ताक्षरसहित राष्ट्रपति कार्यालय, शीतल निवास पुगे । त्यसपछि मात्र ओली झस्किए । विशेष अधिवेशन बोलाउने माग गर्दै शीतल निवासै पुगेपछि भने उनीहरू (प्रचण्ड नेपाल) जुनसुकै हदसम्म पनि जानसक्ने रहेछन् भन्ने प्रधानमन्त्रीलाई लाग्यो, ओलीनिकट एक नेताले भने, "सायद प्रधानमन्त्री त्यही बेला संसद भंग गर्ने निष्कर्षमा पुग्नुभयो ।"

तत्कालका लागि ओलीले पार्टीभित्र सम्झौता गरेझैं गरे । विशेष संसद अधिवेशनको माग फिर्ता भए अध्यादेश पनि फिर्ता गर्नेमा सहमति जनाए । अधिवेशन माग फिर्ता भयो, अध्यादेश भएन । प्रक्रिया पूरा गर्नुपर्ने भन्दै ओलीले अध्यादेश फिर्ता गर्ने कुरा टारिरहे । पुस ३ गते बिहानसम्म ओलीले आफूनिकट र केही सीमित नेतालाई संसद विघटन गर्ने टुंगोमा पुगेको सुनाइसकेका थिए ।

शुक्रबार (पुस ३० बिहान उहाँले स्पष्ट भन्नुभएको थियो,) एक नेताले भने "आइतबार संसद भंग गरिदिने हो ।" त्यो बेलासम्म ओली आफ्नो निर्णयमा दृढ भइसकेको उनले दावी गरे, "संसद विघटन गरेर जाने भन्नेमा शुक्रबार बिहानसम्म उहाँको मनमा कुनै दुबिधा थिएन ।" ओलीले केही समयअघिदेखि नै संसद विघटनबारे आफूनिकटसँग कुरा गर्दै आएका थिए । "उहाँले कहिलेकाहीँ जिस्केर भन्नुहुन्थ्यो, कहिले साँच्चै जसरी भन्नुहुन्थ्यो । तर उहाँ त्यतातिर जानुहुन्छ भन्ने कसैलाई लागेको थिएन," ती नेताले भने । ओलीनिकट लगभग सबैले उनलाई संसद विघटन गर्न नहुने सल्लाह दिएका थिए । त्यसैले विघटन निर्णयमा पुग्दा उनले लगभग कसैसँग पनि परामर्श गरेनन। अत्यन्त सीमितलाई मात्र निर्णय सुनाए । त्यसमध्येका एक नेताले "कानुन, संविधानले अप्ठ्यारो पर्छ कि" भनेर सुझाएको सम्झिए । "राजनीतिज्ञले

बाँकी पृष्ठ ४ मा

साहित्य खेलकुद मनोरञ्जन स्वास्थ्य

# कोरोना निको भएकाले किन लगाउने खोप ?



–कमला गुरुङ

काठमाडौं । सरकारले कोरोना रोकथाम तथा नियन्त्रणमा खटिएका चिकित्सक, स्वास्थ्यकर्मी लगायत फ्रन्टलाइनरलाई पहिलो प्राथमिकतामा राखेर कोभिड-१९ विरुद्धको खोप अभियान सञ्चालन गरिरहेको छ। तर केही स्वास्थ्यकर्मीले भने खोप नलगाउने निर्णय गरेका छन् । केही स्वास्थ्यकर्मीले खोपको विरोध गरे पनि केहीले कोरोना संक्रमण निको भइसकेका कारण देखाउँदै खोप नलगाउने निर्णयलाई नै उचित ठानेका छन् । कोरोना संक्रमणपछि शरीरमा बन्ने एन्टिबडीले नै सुरक्षा दिने र खोप लगाउन नपर्ने बुझाइ धेरैको छ ।

तर, के कोरोना निको भइसकेका व्यक्तिले खोप लगाउन आवश्यक छैन त ? भाइरोलोजिस्ट डा लुना भट्टको संक्षिप्त जवाफ थियो, 'आवश्यक छ ।' उनी भन्छिन्, 'कोरोना संक्रमण भइसकेपछि शरीरमा एन्टिबडी बनेको छ/छैन ? बनेको एन्टिबडीले कति समयसम्म सुरक्षा दिन्छ ? भन्ने थाहा छैन। त्यसैले पनि खोप लिन आवश्यक छ ।' डा लुनाका अनुसारमा शरीरमा बनेको एन्टिबडी सबैले भाइरसलाई रोक्ने क्षमता राख्छ/राख्दैन भन्ने पनि यकिन हुँदैन । त्यही कारण पनि खोप लगाउन उनको सुझाव छ । कोरोना संक्रमण भइसकेका व्यक्तिमा एन्टिबडी बनेपछिको अवस्थामा खोप लगाए पनि शरीरलाई फाइदा नै गर्ने उनले बताइन् । उनीहरुमा खोप लगाउँदा विशेषगरी दुई किसिमको फाइदा हुन्छ। एक, एन्टिबडी सकिएको या घटेको अवस्था छ भने लगाएको खोपले एन्टिबडीलाई बुस्ट गर्छ। दोस्रो, शरीरमा बनेको एन्टिबडीले सुरक्षा दिन सक्दैन भने खोप लगाएपछि एन्टिबडीको शक्ति बढेर जान्छ। उनले भनिन्, 'एन्टिबडी बनिसकेको अवस्थामा पनि खोप लगाउन मिल्छ। यसले भाइरस रोक्ने क्षमतालाई झनै बढाउँछ । त्यसैले खोप दिन मिल्छ ।'तर, खोप लगाउन नमिल्ने केही अवस्थाहरु पनि छन् । संक्रमण भइरहेको अवस्थामा कोभिड-१९ विरुद्धको खोप दिन मिल्दैन । कोरोना निको भइसकेको चार हप्तापछि मात्र खोप लगाउन मिल्ने डा लुनाले बताइन् ।

कतिपय व्यक्तिहरुमा कोरोना निको भइसकेपछि पनि विभिन्न लक्षण देखिने गरेका छन् । थकाइ महसुस गर्ने, कमजोर हुने, धेरै काम गर्न नसक्ने खालका लक्षणहरु पोस्ट कोभिडका विभिन्न लक्षणमध्येका हुन् । कोरोना निको भइसकेका तर गम्भीर खालका लक्षण देखिएका व्यक्तिले पनि



कोभिडको खोप लगाउन नहुने डा लुना सुझाउँछिन् । 'कोरोना निको भइसकेका व्यक्तिहरुमा लक्षणहरु देखिरहेका छन् । त्यसमा चाहिँ ती व्यक्तिलाई गाह्रो भइरहेको छ भने खोप नलगाउँ पनि भनिएको छ । तर हल्का माइल्ड लक्षण छ भने लगाउँदा फरक पर्दैन भन्ने पनि देखिएको छ', उनले भनिन् ।

कोभिडको पहिलो खोप लगाएको २८ दिनपछि मात्र दोस्रो डोज लगाउन सरकारले आग्रह गरेको छ । केही कारणवश कुनै व्यक्तिले २१ दिनको अन्तरमा दोस्रो डोज लगाए सामान्य मान्न सकिने उनले बताइन। तर २१ दिनपछि दोस्रो डोज लगाए त्यसको २८ दिनपछि तेस्रो डोज लगाउनुपर्ने उनले बताइन् । कोभिडको खोप लगाउँदा अन्य कुनै खोप एकै साथ नलगाउन पनि उनको सुझाव छ। दुई खोपबीच कम्तीमा एक हप्ताको समय अन्तर राख्नुपर्ने उनले बताइन् । डा लुना यसलाई यसरी प्रष्ट पार्छिन् , 'कोभिड र हेपाटाइटिस जस्तै अन्य कुनै खोप एकै साथ लगाउन हुँदैन । यदि आज कोभिडको खोप लगाएको छ भने एक हप्ताको अन्तरमा मात्र हेपाटाइटिसको खोप लगाउनुपर्छ ।'उनका अनुसार दुवै खोप एकै साथ लगाउँदा इम्युन सिस्टमले काम गर्न सक्दैन। एक अर्कालाई रोक्न खोज्छ अनि राम्रोसँग काम गर्दैन ।

–साभार स्वास्थय खबर

# महिला भलिवल टिमले एशियन च्याम्पियनसीप खेल्ने



काठमाडौं । नेपाली राष्ट्रिय महिला भलिवल टिमले एशियन च्याम्पियनसीप खेल्ने भएको छ । एशियन च्याम्पियनसीपमा महिला टिमले सहभागिता जनाउन लागेको यो पहिलो अवसर हो । नेपाल भलिवल संघका महासचिव जितेन्द्र चन्दले नेपालको सहभागिता पक्का भएको जानकारी दिएका छन् । एशियन भलिवल महासंघको बैठले नेपाललाई सहभागि गराउने निर्णय गरेको थियो ।

याम्पियनसीपमा १६ टिमले प्रतिस्पर्धा गर्नेछन् । आयोजक राष्ट्र चीन र वरियताको शीर्ष दशमा रहने देशले सिधै प्रवेश पाए । अरु बाँकी रहेका पाँचवटा कोटा भलिवल महासंघले इस्टर्न, वेस्टर्न, सेन्ट्रल, ओसियाना र साउथ इस्टर्नजोनका लागि छुट्याएको थियो । सेन्ट्रल जोनमा रहेको नेपाल र श्रीलङ्काले दावी गरेका थिए । तर वेस्टर्न र इस्टर्न जोनमा रहेका देशले दावी नगरेपछि नेपाल र श्रीलङ्का दुवैले च्याम्पियनसीप खेल्ने अवसर पाएका हुन् । पछिल्लो समय महिला टिमले अन्तर्राष्ट्रिय स्तरमा उत्कृष्ट प्रदर्शन गरिरहेको छ । गत वर्ष घरेलु मैदानमा भएको १३ औं दक्षिण एशियाली खेलकुदमा महिला टिमले ऐतिहासिक रजत पदक जितेको थियो । सेन्ट्रल जोनमा स्वर्ण जितेको थियो ।

एशियन च्याम्पियनसीप खेल्न पाउने भएपछि खेलाडीले खुशी ब्यक्त गरेका छन् । यसले एक्सपोजरको मौका दिएको उनीहरुको भनाइ छ । पुरुष टिमले यसअघि सन १९८३ मा एशियन च्याम्पियनसीप खेलेको थियो ।

प्रतियोगितामा लाग्ने सवै खर्च संघ आफैंले बेहोर्नुपर्छ । संघले करिब ७० लाख खर्च अनुमान गरेको छ । भलिवल संघसँग रकम अभाव भएकाले सरकारसँग सहयोगको आग्रह गरेको छ । एशियन च्याम्पियनसीप अगस्ट २९ देखि सेप्टेम्बर पाँचसम्म हुनेछन ।

## आउनुहोस् ! आउनुहोस् !! आउनुहोस् !!!

झापाको भद्रपुरमा दुई दशकयता निरन्तर विभिन्न अवसरका लागि आवश्यक मूर्ति निर्माण गरिरहेको अभिषेक मूर्ति उद्योग भद्रपुर ६ मोतियावारी महेशपुरमा नजिकै आउँदै गरेको सरस्वती पूजाका लागि सर्वशुलभ मूल्यमा मूर्ति विक्री खुलेको जानकारी गराउँदछौं । आफ्नै देशको उत्पादनलाई उपयोग गर्ने बानी बसालौं । घरेलु उत्पादनलाई प्रोत्साहन गरौं । सरस्वती पूजाका लागि जुनसुकै आकारका मूर्ति उचित मूल्यमा दिइने छ ।



प्रो. विष्णु राजवंशी
अभिषेक मूर्ति उद्योग, भद्रपुर ६ मोतियावारी
मातामन्दिर छेऊ ।
सम्पर्क : ९८१७९३५७५४




गौरादह नगरपालिकाको कार्यालय
गौरादह, झापा




कमल गाउँपालिकाको कार्यालय
क्लाम्पाबजार, झापा




हल्दिबारी गाउँपालिकाको कार्यालय
हल्दिबारी, झापा




कचनकवल गाउँपालिकाको कार्यालय
बनियानी, झापा

# नेपाली कांग्रेसका भातृ संस्थाको विरोधसभा

– सन्दर्भ समाचारदाता

विर्तामोड । नेपाली कांग्रेस झापाका सभापति उद्वव थापाले वर्तमान प्रधानमन्त्री के.पी शर्मा ओलीको हुकुमी शासन धेरै दिन नचल्ने दावी गर्नुभएको छ ।

नेपाली कांग्रेसमा आबद्ध भातृ संघसंस्थाको आयोजनामा झापाको विर्तामोडमा आयोजित विरोधसभालाई प्रमुख अतिथिको रुपमा सम्बोधन गर्दै सभापति थापाले सडक संघर्षबाट स्थापित लोकतान्त्रिक ब्यवस्था र संविधान कांग्रेसले सडक संघर्षबाटै पुनर्स्थापित गर्ने बताउनुभएको हो । संसदको निर्णयबाट सिफारिस भएमात्रै राष्ट्रपतिले संसद विगठन गर्ने ब्यवस्था विपरित मन्त्रीपरिषदको निर्णयबाट संसद भंग गर्नु संवैधानिक ब्यवस्था विपरित भएको उल्लेख गर्दै नेता थापाले ओलीले देशलाई अन्योलको भूमरीमा धकेलेको बताउनुभयो । पुष ५ गते कालोदिनको रुपमा स्थापित भएको उल्लेख गर्दै नेता थापाले ओलीको ब्यक्तिगत स्वार्थमा सवीच्चको निर्णय



नआउने विश्वास समेत ब्यक्त गर्नुभयो ।

कार्यक्रममा नेपाली कांग्रेस झापा भातृ संघसंस्था विभाग प्रमुख देउमान थेवे, नेपाली दलित संघका केन्द्रीय सदस्य हस्त परियार, नेपाल किसान संघ झापाका अध्यक्ष राजेन्द्र भटराई लगायतले बोल्नुभएको थियो । कार्यक्रमका अधिकांश बक्ताहरुले वर्तमान के।पी। शर्मा ओली नेकपाको एक झुण्ड लिएर अघि बढेको उल्लेख गर्दै ओलीका निर्णयले संवैधानिक संकटतिर मुलुकलाई धकेलेको धारणा राखेका थिए । नेपाल महिला संघ झापा सभापति शुशिला ढकालको सभापतित्वमा सम्पन्न कार्यक्रममा स्वागत तरुण दलका सहसचिव सजेस शिवाकोटी र सञ्चालन नेविसंघ सभापति राजेन्द्र उप्रेतीले गर्नुभएको थियो ।

विभिन्न नारा जुलुससहित विर्तामोड बजार परिक्रमापछि इलाका प्रहरी कार्यालय विर्तामोडअगाडि पुगेर कोणसभामा परिणत भएको थियो । नेपाली कांग्रेस केन्द्रीय समितिको निर्देशन बमोजिम भातृ संघसंस्थाले सोमबार देशभर प्रदर्शन गरेका हुन् । के.पी.ब ओली नेतृत्वको सरकारले गत पुस ५ गते संसद विगठन गरेपछि नेपाली कांग्रेसले चरणबद्ध विरोध प्रदर्शन गरिरहेको छ । यसअघि जिल्ला, क्षेत्र, प्रदेश क्षेत्र, गाउँरनगर र वार्डतहसम्म विरोध प्रदर्शन गरिसकेको छ ।

# जसपाको गौरीगंजमा विरोध प्रदर्शन

– सन्दर्भ समाचारदाता

गौरीगन्ज । जनता समाज पार्टी झापाले आज गौरीगंजमा विरोध प्रदर्शन गरेको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले गरेको संसद विघटनको असंवैधानिक कदमको खारेजीको माग गर्दै जनता समाज पार्टी झापाले विरोध प्रदर्शन गरेको हो ।

दिउसो करिब १ बजे गौरीगंज गाउँपालिका वार्ड नं। ६ खजुरगाछी बजारबाट नारावाजी गर्दै जुलुससहित गौरीगंज बजार परिक्रमा गरि गौरीगंज चौकमा कोणसभामा परिणत भएको थियो । 'असंवैधानिक कदम खारेज गर, संसद पुनर्स्थापना गर, रेशम चौधरीलगायत राजवन्दीहरूको रिहा गर, सम्पुर्ण लोकतान्त्रिकवादीहरू एक हौ, केपी सरकार मुर्दावाद' लगायतका नारा लगाउँदै जनप्रदर्शन गरेको थियो ।

जनता समाज पार्टीका जिल्ला अध्यक्ष दिपेन वाला राइले संविधान र लोकतन्त्र रक्षाका लागि सबै लोकतन्त्रवादीहरूले केपी ओलीको संसद विघटनको असंवैधानिक



कदमको विरोध गर्नु पर्ने धारणा राखेका थिए । 'केपी शर्मा ओलीलाई दुई तिहाईको मत दिएर ५ वर्षका फागि जनताले जिताएका थिए । तर ओलीले जनताको मतको कदर नगरी संवैधानमाथि नै कु गरेर देश र जनतालाई अन्कारतिर धकेलेको जिल्ला अध्यक्ष राईले बताए ।

जनता समाजवादी पार्टीका केन्द्रीय सदस्य सुर्यनारायण गणेशले केपी ओली आफ्नो व्यक्तिगत स्वार्थका लागि संसद विघटन गरेको भन्दै त्यसलाई विफल बनाउन सबै नेपाली जनता त्यसको प्रतिकार गर्नु पर्ने बताए । उनले आदिवासी जनजाती, पिछडा वर्ग, मधेशी मुस्लिमको अधिकारहरू यो संविधानले सुरक्षित गरेको हुनाले संविधानलाई रक्षा गर्न आवश्यक रहेको बताए । विरोध सभामा केन्द्रिय सदस्यहरू शंकर राजवंशी, राधा थापा, प्रदेश कमिटि सदस्य तुलसी राजवंशीलगायतले संसद विघटनको विरोध गर्दै संसद पुनर्स्थापनाको माग गरेका थिए । जिल्ला अध्यक्षद्वय दिपेनवाला राई र अनुतसिंह राजवंशीको अध्यक्षतामो विरोध सभा भएको थियो । जनता समाजवादी पार्टी झापाद्वारा केन्द्रको निर्देशन अनुसार केपी ओलीको असंवैधानिक कदमको विरोधमा झापाको कचनकवल गाउँपालिकामा माघ २५ गते पुत्ला दहन र झापा गाउँपालिकामा माघ २८ गते राँके जुलुसको कार्यक्रम रहेको जिल्ला अध्यक्ष राईले जानकारी गराएका छन् ।

# आगलागिबाट एक मानिससहित चौपायको मृत्यु

– सन्दर्भ समाचारदाता

भद्रपुर । झापाको कचनकवल–१मा भएको आगलागिमापरि एक जना मालिसकासाथै केही चौपायको जलेर मृत्यु भएको छ । आगलागीमा परेर मृत्यु हुनेमा कचनकवल गाउँपालिका १ स्थित घेराबारी बस्ने अन्दाजी ५५ वर्षीय गोवर्धन राजवंशी रहेको प्रहरी कार्यालय झापाका डिएसपी राकेश थापाले जानकारी दिए । साथै एक माउ गाई, दुई वटा बाछा र तीन वटा बाख्रा समेत जलेर मरेको उनले बताए ।

प्रहरीका अनुसार एक तले काठको खम्बा टिनको बेरा र टिनकै छानो भएको घरमा सोमबार बिहान अचानक आगलागी भएको थियो । घरभित्रै सुतेका राजवंशीको जलेर मृत्यु भएको



जनाइएको छ । आगलागीमा परी उनको घर पूर्ण रुपमा जलेर नष्ट भएको छ, ।

राजवंशीको घरमा आगो लागेको स्थानीयले थाहा पाएपछि प्रहरीसहित भद्रपुर र बिर्तामोड ।नगरपालिकाको दुई वटा दमकल र स्थानीयवासीको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको थियो । घरमा के कारणले आगो लागेको भन्ने खुलेको छैन । मानवीय र पशुको क्षतिबाहेक अन्य विवरण आइ नसकेको प्रहरीले जनाएको छ ।

# विद्युत सर्ट भई अचानक आगलागी

– सन्दर्भ समाचारदाता

बिर्तामोड । बिर्तामोड नगरपालिका २ लालमाटीमा रहेको कुर्मुरे फ्याक्ट्रीमा आगलागी हुँदा ९ करोड बढीको क्षति भएको छ । गएराति ११ बजेतिर विद्युत सर्ट भई त्यहाँ अचानक आगलागी भएको थियो ।

आगलागीबाट ९ करोड ३ लाख बराबरको क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ । सो फ्याक्ट्री १५



कठ्ठामा फैलिएको छ । आगो निभाउन बिर्तामोड , भद्रपुर , दमक , मेचीनगर र पानीट्यांकीको गरी ५ वटा दमकल बोलाइएको थियो ।

आगो नियन्त्रणभन्दा बाहिर गइसकेकाले ठूलो क्षति भएको बिर्तामोड नगरपालिकाका दमकल इन्चार्ज चन्द्रबहादुर पौडेलले बताए । आफूहरु अझै घटनास्थलमै रहेको उनले बताए ।

# नेपाली झोलुङ्गे पुललाई विश्व रेकर्डमा राख्ने तयारी

गण्डकी प्रदेश । बागलुङ र पर्वतको सीमामा रहेको हालै निर्माण गरिएको ५६७ मिटर लामो झोलुङ्गे पुललाई विश्व रेकर्ड (गिनिज बुक)मा दर्ता गर्ने प्रक्रिया शुरु भएको छ । विश्वकै लामो दावी गरिएको बागलुङ नगरपालिका-१ रामरेखादेखि पर्वत जिल्लाको कुस्मा नगरपालिका-१ अदुवाबारी जोड्ने कालिगण्डकी नदीमाथि निर्माण गरिएको झोलुङ्गे पुल निर्माण सम्पन्न भई हस्तान्तरण भएपछि पुललाई विश्व रेकर्ड राख्ने प्रक्रिया थालिएको हो ।

पुल यही माघ ३ गते सस्पेन्सन बृज डिभिजन कार्यालय काठमाडौंले बागलुङ नगरपालिकालाई हस्तान्तरण गरेको थियो । पुललाई निर्माणपश्चात विश्व रेकर्डमा राख्नका लागि बागलुङ नगरपालिकाले प्रक्रिया थाल्न खोजे पनि कोरोना भइरसका कारण उद्घाटन र हस्तान्तरण हुन नसक्दा ढिलाइ भएको थियो । शुरुमा नेपालकै लामो झोलुङ्गे पुल (सिङ्गल स्पान) भनेर निर्माण गरे पनि पछिल्लो समय यस्तो प्रकारको पुल विश्वकै लामोमा पर्ने बागलुङ नगरपालिकाको दावी छ ।

सस्पेन्सन बृज डिभिजन कार्यालय काठमाडौंका सिनियर इन्जिनीयर हुमाकान्त मिश्रका अनुसार विश्वभरको



तथ्याङ्क वेबसाइटमा हेर्दा हालसम्म स्विट्जरल्याण्डमा खुला प्रकृतिको झुलुङ्गे पुल जम्मा ४९४ मिटर लामो मात्रै बनेको रेकर्ड भएका कारण बागलुङ र पर्वत जोड्ने उक्त पुल विश्वकै लामो झोलुङ्गे पुल हुनसक्ने अनुमान छ । यद्यपि विश्व रेकर्डमा हालसम्म यस्तो प्रकृतिको पुलको विवरणका विषयमा भने प्राविधिकहरु जानकार छैनन् । विश्वमा पछिल्लो समय अन्य लामा झोलुङ्गे पुल थपिएका भए पनि यो भन्दा लामो पुल बनेको हालसम्म वेबसाइटहरुमा उल्लेख भएको छैन ।

पुल बागलुङ नगरपालिकालाई हस्तान्तरण भएर आइसकेपछि यसलाई विश्व रेडर्क कायम राख्ने प्रक्रिया थालिएको नगरपालिकाका प्रमुख जनकाराज पौडेलले जानकारी दिए । "माघ ३ गतेपछि बल्ल पुल हाम्रो स्वामित्वमा आयो, पुल हस्तान्तरण नहुँदासम्म आधिकारिकता पाएको थिएन, नगर प्रमुख पौडेलले भने, "विश्व रेकर्ड कायम राख्नका लागि वेबसाइटमा प्राविधिकहरुको सहयोगमा निवेदन दिएका छौ", निवेदनको 'रेस्पोन्स' आइसेको छ, तीन महिनादेखि ६ महिनाभित्रै पुल हेर्न आउने जवाफसमेत आइसकेको छ । पौडेलका अनुसार निवेदनपश्चात विश्व रेकर्डको कार्यालयले छानविन गर्नेछ । "हाम्रो पुल विश्वकै लामो ठहर भएमा विश्व रेकर्ड अर्थात गिनिज बुकमा दर्ता हुनेछ, उनले भने । झण्डै रु १२ करोड लागतमा बनेको उक्त पुल १३८ मिटर अग्लो रहेको छ । पुल निर्माण शुरु भएको दुई वर्षमै सकिएको थियो ।

# पुनर्स्थापना र निर्वाचन स्थायी समाधान होइन : महतो

– सन्दर्भ समाचारदाता

भद्रपुर । जनता समाजवादी पार्टीका वरिष्ठ नेता राजेन्द्र महतोले संसद पुनर्स्थापना र निर्वाचन अहिलेको स्थायी समाधान नभएको बताउनु भएको छ । जनता समाजवादी पार्टी दमक नगर समितिले आज दमकमा गरेको पत्रकार सम्मेलनमा बोल्दै नेता महतोले वर्तमान समयमा यी दुवै बिकल्प मुलुकको लागि स्थायी समाधान नभएको बताउनु भएको हो । पार्टीको विभिन्न कार्यक्रममा सहभागी हुने क्रममा दमक आउनु भएका पूर्व मन्त्री महतोले पत्रकारको जिज्ञासामा संसद पुनर्स्थापना गरेर पुष्प कमल दाहाल प्रचण्ड लगायतलाई प्रधानमन्त्री बनाए पछि पनि भोली संसद बिघटन हुदैन भन्ने के ग्यारेन्टी छ ? प्रश्न गर्दै दिगो निकासका लागि संविधान संशोधन हुन पर्ने बताउनुभयो । विगतका राजा महाराजा र कांग्रेसका नेताहरूले पनि संविधानलाई कुल्चिएको र प्रतिगमनकारी कदम चालेको प्रसङ्ग उठाउँदै जनताबाट निर्वाचित अहिलेका नयाँ राजा केपी ओलीले पनि संविधान कुल्चिएको महतोको भनाई छ । पार्टीका नगर समिति अध्यक्ष भेषराज भटराई र चन्द्र राजवंशीको अध्यक्षतामा भएको कार्यक्रममा



पहिचानवादी र आन्दोलनकारीहरू एक भएर राष्ट्रिय मुक्तिको आन्दोलन गर्नु पर्ने भन्दै नेता महतोले धारण राख्नुभएको छ । सबैको अपनत्व हसुस गर्ने संविधान नभए सम्म प्रतिगमन भइ रहने उहाँको तर्क छ ।

प्रधानमन्त्री ओलीको गृह नगर दमकमा भएको पत्रकार सम्मेलनमा बोल्दै पूर्व मन्त्री महतोले ओली सरकारले मधेसवादी दललाई आवश्यकता र औचित्यका आधारमा संविधान संशोधन हुन्छ भनेर धेरै समय झुक्क्याएको गुनासो गर्नुभयो । लोकतन्त्र माथि प्रहार भएको संविधान 'कु' भएको भन्दै प्राप्त उपलब्धि गुम्न नदिन शान्ति पूर्ण आन्दोलनमा लाग्न आपना नेता कार्यक्रर्तालाई निर्देशन दिनुभयो ।

# तल्लो रामचन्द्र सिंचाई आयोजनाको उद्घाटन

– सन्दर्भ समाचारदाता

गौरीगंज । गौरीगंज -६ स्थित तल्लो रामचन्द्र सिंचाई आयोजनाको उद्घाटन भएको छ । प्रदेश नं. १ आन्तरिक मामिला तथा कानुन मन्त्री हिक्मत कुमार कार्कीले आज नहरको मुहानमा राखिएको रेगुलेटर घुमाई रिवन काटेर उक्त आयोजनाको उद्घाटन गरेका हुन् । २०७५ साल असार २१ गते सुरु भएको आयोजनाको निर्माण कार्य २ वर्षको समयावधिमा सम्पन्न भई आयोजना शुरु भएकोमा मन्त्री कार्कीले निमार्ण व्यवसायी र आम उपभोक्तालाई धन्यवाद दिदै खुशी व्यक्त गरेका छन् ।

प्रदेश नं. १ भरि यस वर्ष जम्मा ५ को आयोजना सञ्चालनमा आउने र त्यसमध्ये सिंचाई आयोजनामध्ये रामचन्द्र सिंचाई पहिलो आयोजना सञ्चालनमा आएको बताउदै गरिबी निवारणमा यसले महत्वपुर्ण भुमिका खेल्ने मन्त्री कार्कीले बताए ।

गौरीगंज गाउँपालिका वार्ड नं. ५ र ६ का करिब ७ सय विघा जमिन सिंचाई हुने र यसबाट प्रत्यक्षरुपमा कृषकहरु लाभान्वित हुने उनको भनाई थियो । जलस्रोत तथा सिंचाई विकास डिभिजन भद्रपुरको आयोजनमा भएको उद्घाटन कार्यक्रममा आयोजनाको ठेक्का लिएका नयाँबाटो शिवाको सताक्षी जेभीका प्रतिनिधीलाई समयमै काम सम्पन्न गरेकोमा प्रशंसा पत्र प्रदान गरिएको थियो । प्रदेश नं. १ सरकारले छुट्टाएको करसहित ८ करोड ७९ लाख २० हजार रुपैयाँबाट निर्माण भएको उक्त आयोजनाको सम्पुर्ण कार्यहरु सम्झौता अनुसार सम्पन्न भएको हो ।

नहरको मुहानदेखि मुख्य नहरको लम्बाई ४.२ किलोमिटर रहेको छ र २ वटा शाखा क्यानल रहेको जलस्रोत तथा सिचाई विकास डिभिजन झापाका इन्जिनियर अनिल कुमार महतोले



जानकारी गराएका छन् ।

जलस्रोत तथा सिंचाई विकास डिभिजन भद्रपुरका डिभिजन प्रमुख कृष्णप्रसाद राजवंशीको अध्यक्षतामा भएको कार्यक्रममा भौतिक पूर्वाधार विकास मन्त्रालय प्रदेश नं. १ का सचिव मोहन कुमार शाक्य, उर्जा जलस्रोत सिंचाई महाशाखाका प्रमुख रमेश पौडेल, गेउरिया कृषि सुधार जल उपभोक्ता समितिका अध्यक्ष फडिन्द्र धमला, गौरीगंज गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत राजु दाहाल, वार्ड नं. ५ का अध्यक्ष विजय सिंह गन्गाई, उपभोक्ता समितिका सचिव नगेन्द्र डाँगीलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

त्यसैगरी गौरादह नगरपालिका वार्ड नं. ६ स्थित हेङ्गाटोली सोलार सिंचाई योजनाको उद्घाटन भएको छ । प्रदेश नं. १ का आन्तरिक मामिला तथा कानुन मन्त्री हिक्मत कुमार कार्कीले उत्त योजनाको आज उद्घाटन गरेका हुन । प्रदेश सरकारको २७ लाख रुपैयाँको बजेटबाट सञ्चालन भएको सोलार सिंचाईबाट करिब १० हेक्टर जमिन सिंचित हुने जलस्रोत तथा सिंचाई विकास डिभिजन भद्रपुरका डिभिजन प्रमुख कृष्णप्रसाद राजवंशीले जनाएका छन् ।

# जेसी अफ द मन्थ अवार्ड वितरण



– सन्दर्भ समाचारदाता

विर्तामोड । वीरता लेडी जेसीजले यसै वर्षदेखि जेसी अफ द मन्थ अवार्ड वितरण शुरु गरेको छ ।

बोर्डका सबैलाई सक्रिय बनाउँदै उत्कृष्ट कार्य गर्न प्रोत्साहित गर्ने उद्देष्यले पुरस्कृत गर्न वीरता लेडी जेसीजले सन २०२१ बाट 'जेसी अफ द मन्थ'को अवार्ड वितरण सुरु गरेको अध्यक्ष स्वस्तिका आचार्यले बताउनु भयो ।

एक पद एक कार्यकाल एक वर्ष जेसीजको अवधारणा अनुसार जेसीजका हरेक अध्यक्षले आफ्नो कार्यकाललाई उत्कृष्ट बनाउने सक्रिय रहन्छन् । सोही अवधारणा वीरता लेडी जेसीजका अध्यक्ष आचार्यले सन २०२१ को सम्हालेको एकमहिना व्यतित भएसंगै पहिलो महिनामा महिनाभरीको सक्रियता र रचनात्मक कार्यशैलीको मूल्याङ्कन गरी जनवरी महिनाको उपाध्यक्ष युनिता दवाडीलाई 'जेसी अफ द मन्थ अवार्ड' प्रदान गरेको छ ।

वीरता लेडी जेसीजका अध्यक्ष आचार्यले हरेक महिना बोर्डका पदाधिकारी तथा सदस्य मध्ये एकजना उत्कृष्ट घोषणा गरेर पुरस्कृत गरिने छ ।

सन २०१७ बाट सक्रिय रुपमा जेसिजमा आवद्ध दवाडी २०१८ मा रक्तदान संयोजक २०१९ मा उपाध्यक्ष र २०२० मा तालिम संयोजकको जिम्मेवारी सम्हाले थिइन ।

अवार्ड वितरणमा संस्थापक अध्यक्ष शारदा रिजाल, पूर्वअध्यक्ष तथा नेपाल जेसिजका पूर्वराष्ट्रिय उपाध्यक्ष देवी भण्डारी, २०१९ की मानार्थ सदस्य कविता थापा लगायत २०२१ का बोर्ड पदाधिकारी र सदस्यहरुको सहभागिता रहेको थियो ।

# विषादीयुक्त माछा नष्ट गरिए

– सन्दर्भ समाचारदाता

गौरीगंज । भारतीय बजारबाट ल्याईएको विषादीयुत्त माछा नष्ट गरिएको छ । गौरीगंज नाकाबाट लुकाईछिपाई ल्याईएको विषादीयुत्त माछा आज गौरीगंज बजारमा बेच्न राखेको अवस्थामा नियन्त्रणमा लिई नष्ट गरिएको हो । गौरीगंज गाउँपालिका वार्ड नं। ३ का अध्यक्ष तथा गौरीगंज उद्योग वाणिज्य संघका अध्यक्ष मखना महतोको अगुवाइमा ईलाका प्रहरी कार्यालय गौरीगंजको टोलीले करिब ५ क्विन्टल कुहिन लागेको विषादीयुत्त माछा खाडल खनेर माटोले पुरेको हो । कुहिन लागेको उत्त माछा बजारमा बेच्न राखेको खबर पाएपछि वार्ड अध्यक्ष महतो सहित प्रहरीको टोली घटनास्थल पुगेको थियो ।



# नेपाल प्रेस युनियन केन्द्रीय समितिको वैठकपछि जारी प्रेस विज्ञप्ति

देशको राजनीतिक अवस्था प्रधानमन्त्री केपी शर्मा ओलीले पुष ५ गते प्रतिनिधिसभा विघटनमार्फत संवैधानिक कु गरे यता अनिश्चिततातर्फ धकेलिएको छ । देशको मूल नेतृत्व तथा कार्यकारीको जिम्मेवारी वहन गरिरहेका व्यक्तिबाटै देशलाई अध्यारो सुरुङतर्फको यात्रामा धकेल्ने कार्य खेदपूर्ण मात्र हैन सात दश लामो प्रयत्न पछि जनतका प्रतिनिधिले बनाएको संविधान र पटकपटकका आन्दोलनबाट प्राप्त उपलव्धिहरुलाई धुलिसात पार्ने षडयन्त्र पनि हो । यसको 'साइड इफेक्ट'को रुपमा राष्ट्रपति संस्था र संवैधानिक अंगहरुको दुरुपयोग भएबाट समेत देखिएको छ । संविधान र लोकतन्त्रको चीरहरणलाई रोक्ने जिम्मेवारी यतिखेर सम्मानित सवीच्च अदालतको काँधमा आएको छ । नेपाल प्रेस युनियन देशलाई संवैधानिक मूलबाटोमा ल्याउने भूमिका सम्मानित सवीच्च अदालतबाटै हुन्छ भन्ने विश्वास गर्दछ ।

पत्रकार तथा पत्रकारिता जगतप्रति प्रधानमन्त्री केपी शर्मा ओलीले पटक पटक व्यक्त गर्दै आएका विषवमन र गैरजिम्मेवार अभिव्यक्तिप्रति नेपाल प्रेस युनियन घोर भत्सर्ना गर्दछ । प्रेस क्षेत्रको हुर्मत लिने गरि प्रधानमन्त्रीबाट आइरहेका यस्ता अभिव्यक्तिले प्रधानमन्त्री ओलीको लोकतन्त्र, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताप्रतिको उनको यसअघीका प्रतिवद्धतामा गम्भिर प्रश्न उठाएको छ । प्रधानमन्त्रीका अभिव्यक्ति, उनको दल सम्वद्ध 'साइबर सेना'का तर्फबाट आम संचारमाध्यम र संचारकर्मीहरु विरुद्ध संगठित रुपमा गरिएका प्रहार र गतिविधीले नेपाली आम संचार क्षेत्रलाई डरको मनोविज्ञानबाट शासित गर्न खोजेको देखिएको छ । एकातिर सरकारी संचारमाध्यममा सेन्सरसिप बढ्दो छ भने स्वतन्त्र संचारमाध्यम पनि सेल्फ सेन्सरसिपको डरलाग्दो अवस्थामा गुज्रिन वाध्य पारिदैछ । नेपाल प्रेस युनियनको यो वैठक आम संचारमाध्यमाथि गरिएका सबै खाले हस्तक्षेपको विरुद्धमा खरो रुपमा प्रतिवादमा उत्रिने निर्णय गर्दछ ।

सरकारले सरकारी संचारमाध्यमको नियमन गर्ने सन्दर्भमा ल्याउन लागेको सार्वजनिक सेवा प्रसारण सम्वन्धि विधेयकले यसको आत्मामाथि नै चोट पुर्याएको ठहर गर्दै विधेयक फिर्ता लिन युनियन माग गर्दछ । साथै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्ने गरि ल्याएका सबै खालका सरकारी प्रयासको विरोध गर्दै युनियन यसका पक्षमा उभिन सबै स्वतन्त्राप्रेमीहरुलाई आग्रह गर्दछ ।

श्रमिजिवी पत्रकार तथा स्वरोजगार मूलक संचारमाध्यमहरुको पक्षमा युनियन ऐक्यबद्धता जनाउँछ । कोरोनाकालमा समेत सबैभन्दा पिडित रहेका श्रमजिवी पत्रकारहरुलाई लक्षित गरी विशेष प्याकेज तथा कार्यक्रम ल्याउन युनियन सरकारको ध्यानाकर्षण गराउँदछ । साथै मिडिया संचालकहरुलाई समेत श्रमजिवीमैत्री बन्न आग्रह गर्दछ। साना तथा स्वरोजगार मूलक संचारमाध्यमहरुलाई राज्यका तर्फबाट प्रदान गरिने लोककल्याणकारी विज्ञापनको रकम बृद्धी गर्दै समानुपातिक विज्ञापन नीति लागू गर्न पनि युनियन माग गर्दछ ।

दक्षिण पूर्वी एशियाली राष्ट्र म्यानमारमा भएको सैन्य कुप्रति नेपाल प्रेस युनियनको गम्भिर ध्यानकर्षण भएको छ। लोकतन्त्रमा राज्यका हरेक संस्थाले आफ्ना सीमा र दायरमाभित्र रहेर भूमिका निर्वाह गर्न आवश्यक हुन्छ । लोकतन्त्र विरुद्ध संसारका कुनै पनि ठाउँमा हुने यस्ता हर्कतका विरुद्ध नेपाल प्रेस युनियन उभिन्छ ।

नेपाल प्रेस युनियनको माघ २१ गते केन्द्रीय समितिको वर्दियाको ठाकुरद्वारामा बसेको वैठकले नवौ राष्ट्रिय महाधिवेशन आगामी २०७८ जेठ १३ र १४ गते गर्ने निर्णय गरेको छ । महाधिवेशनस्थलको टुंगो लगाउने जिम्मा भने केन्द्रीय सचिवालयलाई दिने वैठकले निर्णय गरेको छ । वैठकले महाधिवेशनको सम्मुखमा रहेका नेपाल पत्रकार महासंघ सहित पत्रकारीतासँग सम्बद्ध संस्थाहरुमा नेपाल प्रेस युनियनको अगुवाइमा सबै विचार अट्ने गरी साझा संस्था बनाउन नेतृत्वदायी भूमिका निर्वाह गर्ने निर्णय गरेको छ । यसका लागि सबै पक्षसँग संवाद गर्ने जिम्मेवारी सचिवालयलाई दिने वैठकले निर्णय गरेको छ । युनियन यो वैठक स्थानीय आयोजक समिति नेपाल प्रेस युनियन वर्दिया शाखालाई धन्यवाद ज्ञापन गर्दै जिल्लाको पर्यटकीय क्षेत्र ठाकुरद्वारा सहितका गन्तव्यहरुको प्रवर्द्धन तथा प्रचार प्रसारमा तीनै तहका सरकारको ध्यानाकर्षण गराउँदछ ।

# स्याहारकर्तासहित ८० जना बृद्धबृद्धालाई सम्मान

– **सन्दर्भ समाचारदाता**

भद्रपुर । ३० औं अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको अवसर पारेर झापाको भद्रपुर नगरपालिकाभित्रका असल स्याहारकर्तासहित ८० जना



बृद्धबृद्धालाई सम्मान गरिएको छ ।

भद्रपुर नगरपालिकाको आर्थिक सहयोग तथा ज्येष्ठ नागरिक सङ्घ भद्रपुर नगर समितिको आयोजनामा चन्द्रगढीमा सम्पन्न कार्यक्रममा नगरपालिकाभित्रका १० वटा वडाबाट प्रतिवडाका ६ जना ज्येष्ठ र २ जना असल स्याहारकर्ताका दरले सम्मान गरिएको हो । कार्यक्रमका प्रमुख अतिथि नगर प्रमुख जीवनकुमार श्रेष्ठ, समिति अध्यक्ष हेमप्रसाद खनाल ,सचिव शङ्कर गौतमलगायतले भद्रपुर १० निवासी १ सय ४ बर्षिया बृद्धा महँगा राजवंशीसहित ६० वर्ष माथिका बृद्धहरुलाई नगद ,दौरा सुरुवाल टोपी तथा बृद्धाहरुलाई साडी चोलोसहित खाद्य सामग्री प्रदान गरेर सम्मान गरिएको थियो । त्यसै गरी असल स्याहारकर्ता २० जना छोरीबुहारीहरुलाई नगद ,दोसल्लासहित प्रशंसा पत्र प्रदान गरेर सम्मान गरिएको थियो । सङ्घका द्वितीय उपाध्यक्ष धनपति सिवाकोटीले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै ज्येष्ठ नागरिकका हक अधिकारका बारेमा भएको कानुनी व्यवस्थाका बारेमा जानकारी दिएका थिए । खनालको अध्यक्षता तथा सचिव गौतमको सञ्चालनमा भएको कार्यक्रममा प्रमुख अतिथि श्रेष्ठ,समाजसेवी दुर्गाप्रसाद भट्टराई, वडा नं ७ का वडा अध्यक्ष विनोद पोखरेल , हरि वलीलगायतले मन्तव्य राख्दै ज्येष्ठ नागरिकका हक अधिकारलाई सुनिश्चित गर्नुपर्नेमा जोड दिएका थिए ।

सो अवसरमा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र झापाले जेष्ठहरुलाई रोग प्रतिरोधात्मक औषधी यष्ठिमधु ,अमला ,अश्वगन्धा चूर्णलगायतका ४ प्रकारका १ सय ५ पोका औषधी प्रदान गरेको थियो । कार्यक्रममा स्वागत प्रथम उपाध्यक्ष परमानन्द मिश्रले गरेका थिए । त्यस्तै विभिन्न सामाजिक गतिविधि गर्दै आइरहेको भद्रपुरस्थित चन्द्रगढी समाजसेवाले एक जना वृद्धलाई सम्मान गरेको छ ।

समाजको नजिकिँदै गरेको दोस्रो वार्षिक उत्सवको अवसरमा भद्रपुर ८ स्थित ८६ वर्षीय दुर्गाप्रसाद दाहाललाई दोसल्ला ओढाउनुका साथै खाद्य सामग्रीसहित कम्वोडवाला कुर्सी प्रदान गरेर सम्मान गरिएको हो ।

समाजका अध्यक्ष कमलप्रसाद अधिकारी, सचिव देवीमाया अधिकारी ,उपाध्यक्ष नयाँ नाथ पाण्डेसहितको टोलीले उनको घरमै पुगेर सम्मान गरेको थियो । कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै अध्यक्ष अधिकारीले संस्थाका अहिलेसम्मका गतिविधिका बारेमा प्रकाश पार्दै जेष्ठहरुको सम्मान गर्नु संस्थाको मुख्य योजना रहेको बताए । कार्यक्रममा कनक श्री टोल विकास संस्थाका अध्यक्ष कृष्ण कटुवाल, सम्मानित बृद्धाका छोरा लक्ष्मी दाहाल, सञ्चारकर्मी रेवतीराज घिमिरे ,समाजका आजीवन सदस्य राममणि पोखरेललगायतले मन्तव्य राखेका थिए । कार्यक्रमको सञ्चालन संस्थाकी सचिव देवीमाया अधिकारीले गरेकी थिइन् ।

**संसद**....

राजनीतिक निर्णय गर्ने हो । कानुन, संविधान हेर्ने होइन, त्यो पछिको कुरा हो," ओलीको जवाफ सम्झिँदै उनले भने । अर्को एक नेताले ओलीलाई केही दिन परामर्श गर्ने कि भनेर सुझाएका थिए । ओलीले मानेनन् । "राजनीतिमा प्रोएक्टिभ हुनुपर्छ, पहिलो कदम आफूले चाल्नुपर्छ," ओलीका भनाइ उद्धृत गर्दै ती नेताले भने, "पर्खेर बस्यो, रियाक्ट मात्र गर्‍यो भने त अरूले सिध्याउँछन्"

नेकपाको आन्तरिक राजनीतिक घटनाक्रम र विघटन गर्नुअघि ओलीका भनाइ विश्लेषण गर्ने हो भने पनि प्रचण्ड(नेपाल पक्षका नेता हस्ताक्षर लिएर राष्ट्रपतिकहाँ पुग्नु संसद विघटनको टर्निङ प्वाइन्ट देखिन्छ । संसदको विशेष अधिवेशन बोलाउन सांसदले हस्ताक्षर बुझाएपछि कुनै पनि बेला आफूविरूद्ध संसदमा अविश्वास प्रस्ताव आउनसक्छ भन्ने संशय प्रधानमन्त्रीमा देखिन्छ । त्यसैले त्यसअगाडि नै संसद विघटनको हतारो उनले गरे कि ।

यति तीव्र घटनाक्रममाझ उनले सेटिङ कहाँकहाँ र कसरी मिलाउन भ्याए होला । कि त घटनाक्रम यसरी अघि बढ्यो भने संसद विघटन गर्छु भनेर धेरै अघिदेखि तारतम्य मिलाएको हुनुपर्‍यो । फेरि आफूले भनेर मात्र भएन, अरूले मान्नुपर्‍यो ।

सेटिङ होइन भने प्रधानमन्त्रीले यति कच्चा काम किन गरे ? भोलिको परिणाम पनि नहेरी संसद विघटन गर्ने यति कच्चा खेलाडी हुन् र ओली ? कतिले यिनै प्रश्न गर्छन् । अनि आफैं निष्कर्षमा पनि पुग्छन् , पक्कै सेटिङ गरेरै यो सब गरेका हुन् । सेटिङ होइन भने, कुन थ्योरीले प्रधानमन्त्रीले गरेको विघटन व्याख्या गर्न सक्छ ?

प्रधानमन्त्रीका दुइटा रणनीति हुन सक्छन् ।

पहिलो, आफूले कुर्सी नपाए पार्टीभित्रका अरूलाई पनि नदिने । अर्थात् कुर्सीको खुट्टा भाँचिदिने । नेकपाभित्र प्रचण्ड(नेपालसँग झुकेर वा उनीहरूको नेतृत्व मानेर बस्न ओली नामञ्जुर देखिन्छन् । पार्टीमा मतभेद तीव्र भएका बेला करिब छ महिनाअघि ओलीले नेता नेपाललाई भनेका कुराले उनको मनस्थिति र केही हदसम्म उनको अहंकार झल्काउँछ । उनले नेपाललाई भनेका थिए, "तपाईंको मनमा मुख्य तीन कुरा छन् । पहिलो, म पार्टी अध्यक्ष भएको तपाईंलाई मनपरेको छैन । तपाईंलाई नै चुनावमा जितेर आएको हुँ, के गर्नुहुन्छ । दोस्रो, म प्रधानमन्त्री भएको पनि मनपरेको छैन, सक्नुहुन्छ भने प्रचण्डसँग मिलेर हटाए भइगयो । तेस्रो, तपाईंलाई फेरि एकपटक पार्टीको अध्यक्ष र प्रधानमन्त्री बन्ने रहर छ, त्यो धोको अब यो जुनीमा पूरा हुन्न ।"

ओली कुनै पनि हालतमा पार्टी वा सरकारको नेतृत्व नेपाल वा प्रचण्डलाई दिने पक्षमा होइनन् । पार्टीभित्र कसैलाई पनि दिने पक्षमा छैनन् । दोस्रोपटक मिर्गौला प्रत्यारोपण गरेपछि उनी तन्दुरुस्त देखिएका छन् । ऊर्जा उनीसँगै धेरै देखिन्छ, बोल्न उनलाई नै आउँछ । पार्टी फुट्यो नै भने पनि चुनावमा जाँदा मेरै नेतृत्वको पार्टी प्रचण्ड(नेपालको भन्दा ठूलो हुन्छ भन्ने आत्मविश्वास ओलीमा देखिन्छ । यो कति अहंकार हो, कति यथार्थ, त्यो कुनै दिन नेकपा दुई पार्टी बनेर चुनावमा गयो भने मात्रै थाहा हुनेछ ।

दोस्रो, केही गरी संसद पुनर्स्थापना भए पनि आफ्ना सांसद लिएर छुट्टै पार्टी बनाउने, आफू नै सत्ताको "किङ मेकर" हुने उनको योजना हुन सक्छ । अविश्वासको प्रस्तावबाट फालिएर नेकपाबाट अलग भएपछि छुट्टै पार्टी बनाउन ओलीलाई सजिलो हुन्थेन । त्यो बेला ओलीतिर लागेर छुट्टै पार्टी बनाउन चाहेर पनि सांसदहरूलाई कानुनी रूपमा गाह्रो हुन्थ्यो । उनीहरूको सांसद पद नै जान सक्थ्यो । सत्ताबाट फालिएका ओलीसँग लागेर मूल पार्टी छाड्न धेरै नेता( कार्यकर्ताका लागि आकर्षक हुन्थेन । त्यति नबुझ्ने ओली होइनन् । संसद नै विघटन गरेर चुनावगराउने घोषणा गरेपछि ओलीका समर्थक नेता कार्यकर्तालाई सजिलो भएको छ । निर्वाचन आयोगले प्रधानमन्त्रीबाट खोसेर पार्टीको नाम र सूर्य चिह्न कसरी प्रचण्ड(नेपाललाई दिन सक्छ र भन्ने आत्मविश्वास उनीहरूलाई छ । "हाम्रा,बा" ले कच्चा काम त के गरे होलान् र ? प्रतिनिधिसभा विघटन सदर हुने नै गरी सेटिङ मिलाए होला, भन्नेमा ओलीनिकट धेरै नेता(कार्यकर्ताको पनि विश्वास छ । ओली नै केही समय सत्तामा रहन्छन् र उनले गराउने चुनावमा प्रचण्ड(नेपाल पक्षको भन्दा हाम्रै सिट धेरै आउँछ भन्ने पनि धेरैको आकलन छ ।

सके नेकपा नै आफ्नो बनाएर प्रचण्ड(नेपाललाई अर्की पार्टी खोल्न बाध्य पार्ने, नसके आफू छुट्टै पार्टी खोल्ने रणनीतिका लागि संसद विघटनले नै सबभन्दा राम्रो अवसर सिर्जना गर्छ भन्ने निष्कर्ष ओलीको हुन सक्छ । त्यसैले उनले जानाजानी यो परिस्थिति निर्माण गरेका हुन सक्छन् ।

भोलि सर्वोच्च अदालतले प्रतिनिधिसभा पुनर्स्थापना गर्ने भयो भने उनले फेरि एकपटक राजनीतिक दल फुटाउने अध्यादेश ल्याउन सक्नेछन् । सर्वोच्चको फैसलाभन्दा केही दिनअघि वा पछि पनि त्यसो गर्ने समय उनीसँग हुनेछ । सर्वोच्चले प्रतिनिधिसभा ब्युँत्यायो नै भने पनि त्यसले ओलीलाई हटाएर नयाँ प्रधानमन्त्री चुन्न केही समय लाग्नेछ । त्यसैबीच उनले संसदीय दलमा ३० वा ४० प्रतिशत सांसद भए नयाँ दल बनाउन पाउने अध्यादेश राष्ट्रपतिबाट जारी गराउन सक्नेछन् । अहिले नै प्रधानमन्त्री ओलीको पक्षमा प्रतिनिधिसभाका ७५(८० सांसद छन् । भोलि त्यो संख्या केही घट्यो नै भने पनि संसदमा दोस्रो वा तेस्रो ठूलो दल बन्नेछ । "त्यो बेला पनि उहाँ नै सत्ताको किङमेकर बन्नुहुन्छ," ओलीनिकट नेताले भने । ती नेतालाई मैले सोधेँ,"संसद पुनर्स्थापना भयो भने सरकारले फेरि राजनीतिक दल विभाजनसम्बन्धी अध्यादेश ल्याउला नि ?" उनले जवाफमा भने, "त्यसपछि त ल्याउनै पर्‍यो होला नि, नत्र त बर्वाद भइहाल्ला ।" –साभार सतोपाटी






**कांग्रेस**....

थिए ।

र्‍यालीपछि आयोजित कोणसभामा बोल्दै नेपाली कांग्रेस झापाका सभापति उद्धव थापाले हरेक तानाशाहको अन्त्य जनदबाबबाट समाप्त भएको बताउँदै के.पी. ओली पनि तानाशाही बाटोमा हिडेकोले उनको अन्त्य सुनिश्चित भएको धारणा राखे ।

नेपाली कांग्रेसका संस्थापक नेता वी.पी. कोइरालाले कम्युनिष्टको कहिल्यै विश्वास नगर्न भनेको स्मरण गर्दै नेता थापाले जनताले विश्वास गरेर सरकारमा पुर्‍याएइका कम्युनिष्टले सरकार र सडकमा रमिता देखाएको टिप्पणी गर्नुभयो । सडकबाटै सरकार ढालेर संसद पुनर्स्थापना गरेरै छाड्ने उद्घोष गरेका थापाले सरकारको भ्रष्टाचार, अनियमितता र संविधानको अपहेलना अन्त्यका लागि सडक संघर्षको विकल्प नभएको धारणा राखे ।

कार्यक्रममा कांग्रेस केन्द्रीय सदस्य सरिता प्रसाईले सरकार आफैं सडकमा निस्किएर पञ्चयाली निकाल्न थालेको बताउँदै संसद पुनर्स्थापना गरेर मात्रै कांग्रेस निर्वाचनमा जाने बताइन् ।

नेपाल प्रेस युनियनका पूर्व केन्द्रीय सदस्य कृष्ण हुमागाईले संसारका धेरै मुलुकबाट कम्युनिष्ट पार्टीको सरकार ढलिसकेको उदाहरण प्रस्तुत गर्दै कम्युनिष्टलाई अझै जनताले बोकिरहे सरकार दुर्गन्धित भइरहने टिप्पणी गरे । सरकार कम्युनिष्ट सर्वसत्तावाद उन्मुख रहेको भन्दै उनले सर्वसत्तावादी चरित्र सडकबाटै समाप्त पार्ने चेतावनी दिए ।

कार्यक्रममा पूर्व सांसद डिल्ली सिटौला, नेपाल चिया बगान श्रमीक संघका केन्द्रीय अध्यक्ष दीपक तामाङ लगायतले बोलेका थिए भने कांग्रेस केन्द्रीय सदस्य सुधिरकुमार शिवाकोटी, संविधानसभा सदस्य विश्वदीप लिङ्देन, भातृ संघसंस्था विभाग प्रमुख देउमान थेवे , नेपाली कांग्रेस झापाका पदाधिकारी, सदस्य, क्षेत्रीय सभापति, लगायत विभिन्न भातृ तथा शुभेच्छुक संघसंस्थाका प्रमुख तथा प्रतिनिधि, सदस्य, चिया श्रमीकहरुको उल्लेख्य उपस्थिति रहेको थियो ।

नेपाल ट्रेड युनियन कांग्रेस झापाका सभापति यज्ञप्रताप अधिकारीको सभापतित्वमा सम्पन्न कार्यक्रमको सञ्चालन योगेन्द्र पौडेलले गरेका थिए । नेपाल ट्रेड युनियन कांग्रेस, नेपाल प्रेस युनियन, नेपाल शिक्षक संघ, नेपाल प्रजातान्त्रिक महासंघ, नेपाल ब्युटिसियन संघ, नेपाल छापाखाना तथा सम्बद्ध श्रमीक संघ, नेपाल चिया बगान श्रमीक संघ, नेपाल ब्यापार सम्बद्ध श्रमीक संघ, नेपाल नाइ संघ, नेपाल कृषि श्रमीक संघ, नेपाल तामाङ संघ, स्थानीय तह कर्मचारी संघ, सेन्टर फर डेमोक्रेटिक इन्जिनियर्स, नेपाल यातायात मजदुर संघ, नेपाल सांस्कृतिक कलाकर्मी संघ, नेपाल गृह श्रमीक संघ, नेपाल इम्बोइडरी हेण्डीक्राफ तथा सिलाईबुनाई श्रमीक संघ, नेपाल निर्माण सम्बद्ध श्रमीक संघ, नेपाल वित्तीय श्रमीक संघ, नेपाल माछा ब्यापार श्रमीक संघ, डेमोक्रमेटिक लयर्स एसोर्सिसन, नेपाल निजामति कर्मचारी संघ, प्रजातन्त्रवादी प्राध्यापक संघ, नेपाल भारबाहक मजदुर संघ, नेपाल कारखाना श्रमीक संघ। नेपाल सार्वजनिक सेवा कर्मचारी संघ, नेपाल रिक्सा तथा ठेला श्रमीक सं३, पर्यटन होटल तथा रेस्टुरेन्ट श्रमीक संघ, नेपाल इ-रिक्सा तथा टेम्पो चालक संघ लगायतका शुभेच्छुक संघसंस्थाको आयोजनामा कार्यक्रम सम्पन्न भएको हो ।






**भद्रपुरको**...

मात्र शेयर सदस्य बनाइएको सो कृषक समूहलाई भारतीय दूतावासले सहयोग नगर्ने र वास्तविक कृषि पेशामा लागेका कृषकको समूहलाई मात्र मान्यता दिने भएपछि तिनै उद्योगीले पुनः भद्रपुर कृषक समूह नामक गैरसरकारी संस्था दर्ता गराए । उद्योगीहरूले गैरसरकारी संस्था दर्ता गराए पनि दूतावासले स्थानीय निकाय मार्फत मात्र सहयोग गर्ने भएपछि कृषि समूहले भद्रपुर–१ मा रहेको गोविन्द सरियाको झण्डै एक बिगाह जग्गा खरिद गरी सोही जग्गामा कोल्ड स्टोरेज बनाउन नगरपालिका र भारतीय दूतावासमा लबिङ गरेको थियो ।

भारतीय दूतावासले इस्टिमेटअनुसार कोल्ड स्टोरेज निर्माण गर्न रकम उपलब्ध गराउने भएपछि कृषक समूहको जग्गामा निर्माण गरिने, दूतावासको आर्थिक सहयोग र नगरपालिकाको प्राविधिक सहयोग रहने गरी त्रिपक्षीय सहमति भएको थियो । सहमति अनुसार नै नगरपालिकाले २०६७ जेठ २० गते पहिलोपल्ट कोल्ड स्टोरेज निर्माणका लागि टेण्डर आव्हान गर्‍यो । पहिलोपल्टको सूचनामा परेका टेण्डरहरूलाई नगरपालिकाले विभिन्न बहाना बनाएर चित्तबुझ्दो नभएको भन्दै पुनः सूचना प्रकाशित गर्‍यो । दोस्रो पटकको सूचना अनुसार टेण्डर दर्ता गराउने अन्तिम दिन भने नगरपालिकामा ठूलै बिबाद हुन पुग्यो । नगरपालिकाले फेरि टेण्डर स्वीकृत गर्ने समयमा अंशभागलाई लिएर सर्वदलीय संयन्त्र र नगरपालिकाका बीचमा पनि विवाद भएको थियो । दलहरू पार्टीको हैसियत अनुसारको भाग लाग्नुपर्ने अडानमा रहेका थिए भने नगरपालिका सबै दललाई समान भागबण्डा लगाउनेमा टेण्डर स्वीकृत भएपछि र तत्कालीन कार्यकारी अधिकृत मदन घिमिरेले आफैंले सुटुक्क शिलान्यास गरेका थिए । घिमिरेले शिलान्यास गरेपछि काम सुरु गरिएको सो कोल्ड स्टोरेजमा कहिले २ नम्बरी (कमसल) ईँटा प्रयोग भएको त कहिले सिमेन्ट कम र बालुवा बढी मिसावट गरिएको तथा रड पनि इस्टिमेटअनुसार प्रयोग नगरिएको जस्ता विभिन्न विवादहरू आइनै रहे । तर, विभिन्न राजनीतिक, प्राविधिक विवादका बीचमा पनि निर्माण कार्य भने सञ्चालन भइरहेको थियो ।नगरपालिकाले गरेको कोल्ड स्टोरेजको डिजाइन चित्तबुझ्दो नभएकोले सोही बेला स्थानीय र केही दलका प्रतिनिधिले विरोध गरेका थिए । सोही बेला कोल्ड स्टोरेजको निर्माणाधीन भवनको पिलरहरू र बिम समेत कमसल गुणस्तरका कारण चर्केका विरोधका स्वर सम्बन्धित कार्यालयमा सचेत नागरिकहरूबाट आउन थालेका थिए । स्थानीय ५ नम्बर. वडाबासीले त नगरपालिकामा सामूहिक उजुरी नै दिएका थिए । तर पनि सुनुवाइ नभइ सुस्त रूपमा काम भइ रहेको थियो । अहिले जनप्रतिनिधि निर्वाचित भएर नगरपालिकाको जिम्मेवारी सम्हालेको तीन वर्ष पूरा गर्दै गरेको अवस्थामा पनि नगरको विकासमा महत्वपूर्ण संरचना बेवारिसे भइरहेका छन् । स्थानीय सरकार शक्तिशाली तथा अधिकार सम्पन्न भए पनि अलपत्र संरचना निर्माण सम्पन्न गराइ सञ्चालनमा ल्याउन उदासिन देखिएको छ ।


